जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १० अंक २७, २०७८ साल माघ २१ गते शुक्रबार, नेपाल संवत् ११४२ (Feb. 4, 2022) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

जनमत पार्टीको अराजकता

काठमाण्डौं । सीके रावत नेतृत्वको जनमत पार्टीले बिहीबारदेखि पुनः राजमार्ग केन्द्रित आन्दोलन शुरू गरेको छ । किसान आन्दोलन भन्दै उक्त पार्टीले टायर बालेर मधेस प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरीलगायतका राजमार्गमा चक्काजाम गरेको हो । जनमत पार्टीका कार्यकर्ताहरू राजमार्गमा बाँसका भाटा बोकेर बसेका छन् । सवारी आवागमनमा अवरोध गरेका छन् ।

जनमत पार्टीका कार्यकर्ताले राजमार्ग अवरुद्ध **बाँकी ८ पेजमा**

मलद्वारमा लुकाएर सुन तस्करी

काठमाडौं । विदेशबाट अवैध तरिकाले ल्याएको सुनसहित प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा खटिएको प्रहरीले विशेष सूचनाको आधारमा १ किलो १ सय ५५ ग्राम सुन सहित तीन जनालाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेहरूमा दुबईबाट फर्किएका रौतहटको गौर नगरपालिकाका ३२ वर्षीय सुनिल कुमार साह, मकवानपुरका २८ वर्षीय नवराज परियार र सिन्धुपाल्चोकका ३९ वर्षीय दावा छिरिङ शेर्पा रहेका छन् । शेर्पाले सारजहाबाट फर्किंदा मलद्वारमा लुकाएर १ किलो ५५ ग्राम सुन ल्याएका थिए । **बाँकी ८ पेजमा**

गठबन्धनलाई एमसीसीको फन्दा

विष्णु भट्टराई

काठमाडौं । अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को विषयमा छिटो निर्णयमा पुग्न अमेरिकाले जोड दिएपछि सत्ता गठबन्धन दलहरूका शीर्ष नेताहरू तनावमा देखिएका छन् । एमसीसी संसदबाट अनुमोदन गर्ने कि नगर्ने भन्ने विषयमा सत्तारुढ गठबन्धनका दलहरूबीच नै मतभेद भइरहेका बेला प्रधानमन्त्री शेरबहादुर देउवा यतिखेर कूटनीतिक दबावमा छन् । प्रधानमन्त्री देउवा गठबन्धन भत्किए पनि एमसीसी अघि बढाउन प्रतिबद्ध देखिएका छन् । सत्ता साझेदार माओवादी केन्द्र र एकीकृत समाजवादी सत्ताबाट बाहिरिएमा एमसीसीको मुद्दामा प्रमुख प्रतिपक्षी दल एमाले र कांग्रेसबीच सहकार्य हुन सकेमा प्रधानमन्त्री देउवा आशावादी छन् । तर अहिलेको गठबन्धन भत्किएमा अन्तरालमा एमाले र माओवादीबीच सहकार्य हुन्छ कि भन्नेमा पनि प्रधानमन्त्री त्यत्तिकै सजग देखिएका छन् ।

२०७४ सालमा आफ्नै नेतृत्वको सरकारका पालामा अमेरिकासँग एमसीसी सम्झौता भएकाले पनि सो अनुमोदन गर्नुपर्ने नैतिक दबाब प्रधानमन्त्री देउवासामु छ । एमसीसीका प्रतिनिधिसँगको हरेक भेटमा एमसीसी अनुमोदन

गराएरै छोड्ने दृढतासमेत व्यक्त गरिसकेका छन् । यसअघि सार्वजनिक कार्यक्रममै एमसीसीको विषयमा गलत हल्ला फैलाइएको भन्दै प्रधानमन्त्रीले आक्रोश पोखिसकेका छन् । तर सत्ता गठबन्धन भित्रका दल माओवादी केन्द्र र एकीकृत समाजवादीको स्पष्ट जवाफ नआएकाले यतिखेर अलमलको अवस्था छ । माओवादी केन्द्र र एकीकृत समाजवादी संशोधन गरेर मात्रै एमसीसी अनुमोदन गर्नुपर्ने अडानमा रहेका कारण संसदमा विचाराधीन रहेको एमसीसी जटिल बनेको हो ।

२८ मंसिर अर्थात् १४ डिसेम्बरका दिन अमेरिकाले एमसीसी बोर्ड बैठक डाकेको थियो । जसको चार नम्बर एजेन्डामा नेपालको एमसीसी कम्प्याक्टको विषय राखिएको थियो । बोर्ड बैठकले एमसीसीको विषयमा नेपालको निर्णय कुर्ने निर्णय गरेको थियो । नेपाल सरकारबाट सकारात्मक जवाफ आएको भन्दै केही समय अझै पर्खने एमसीसी बोर्डले बताइसकेको छ । एमसीसी अमेरिकी सरकारी संस्था हो । यो सन् २००४ मा स्थापना भएको हो । यसको सञ्चालक समितिको अध्यक्ष अमेरिकी विदेशमन्त्री रहेका छन् भने सदस्यहरूमा अर्थमन्त्री, युएसआइडीका प्रशासक, अमेरिकी व्यापार प्रतिनिधि, एमसीसीका प्रमुख कार्यकारी र निजी क्षेत्रबाट चार जना सदस्य छन् ।

अमेरिकाले नेपाललाई एमसीसी अनुमोदनका लागि समयसीमा नतोके पनि आउँदो १७ चैतसम्ममा पनि एमसीसी अनुमोदन नभए सोच्न बाध्य हुने भनिँदैछ । एमसीसीको बोर्ड बैठक मार्चमा बस्ने तय भइसकेको छ । अमेरिकाले सो समयसम्म कुर्ने र नेपालले कुनै निर्णय दिन नसके बोर्ड बैठकले एउटा निष्कर्ष निकाल्नेछ । त्यसो त यसअघि नै एमसीसी उपाध्यक्ष फातिमा सुमारले नेपालका सबै राजनीतिक दलका नेताहरूलाई भेटघाट गरिसकेकी छन् । नेपालको वस्तुस्थिति बुझ्न आएकी सुमारले एमसीसीको विषयमा जे निर्णय गरे पनि अमेरिकालाई स्वीकार्य हुने सन्देशका साथै अमेरिकी सहायतामा पुनर्विचार हुन सक्ने चेतावनी समेत दिएकी थिइन् । उपाध्यक्ष सुमारले भ्रमण गरेको एक महिनापछि अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले राजनीतिक दलका नेताहरूलाई एमसीसी छिटो पारित गर्नका लागि अल्टिमेटम दिएका थिए ।

एमसीसीको विषयमा देखिएको अस्पष्टताको विषयमा समेत नेपालले सोधेको प्रश्नको एमसीसी मुख्यालयले जवाफ पठाइसकेको छ । तर अमेरिकाले एमसीसी सम्झौतामार्फत सम्पूर्ण बौद्धिक सम्पत्ति कब्जा गर्न खोजेको छ । त्यसैगरी नेपाल र अमेरिका दुवै देशको संयुक्त लगानीमा चलाइने र नेपालमा सञ्चालन हुने हुँदा नेपालको अग्राधिकार हुनुपर्नेमा अमेरिकाले एकतर्फी लेखा परीक्षण गर्ने र त्यसलाई नेपालले मान्नुपर्ने बाध्यकारी प्रावधान छ । यो प्रावधान हेर्दा अमेरिकीहरूले भ्रष्टाचारलाई सुरक्षित गर्न खोजेको र कार्यक्षेत्रभन्दा बाहिर अपारदर्शी तथा शंकास्पद कामका लागि पनि खोजेको देखिन्छ । त्यसैगरी सहमति बेगर **बाँकी ८ पेजमा**

भारतले नेपाललाई अनुदान घटायो

काठमाडौं । भारतले आफ्ना छिमेकी तथा अन्य राष्ट्रहरूलाई दिने विकास सहायता बजेटमा कटौती गरेको छ। केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले मंगलबार भारतीय संसद्मा पेस गरेको आर्थिक वर्ष २०२२/२३ को बजेटमा गत वर्षको तुलनामा भारतले अन्य मुलुकलाई दिने सहयोग राशि केही घटाइएको छ।

भारतले आगामी आर्थिक वर्षमा ६ हजार २ सय ९२ करोड भारतीय रूपैयाँ विभिन्न मुलुकलाई विकास सहायता दिन छुट्याएको छ। आर्थिक वर्ष २०२१/२२ को बजेटमा उक्त राशि ७ हजार १ सय ४८ करोड भारु थियो। गत वर्षको तुलनामा **बाँकी ८ पेजमा**

पूर्वगोर्खालाई "एमबीइ" पदक

काठमाडौं । लामो समयदेखि परोपकारी कार्यमा क्रियाशील पूर्वब्रिटिस गोर्खा दिलीप गुरुङले बेलायती महारानीबाट दिइने प्रतिष्ठित पदक 'एमबीई' ग्रहण गरेका छन् । गुरुङलाई सन् २०२० को अक्टोबरमा 'मेम्बर अफ द मोस्ट एक्सिलेन्ट अर्डर अफ द ब्रिटिस एम्पायर' (एमबीई) पदक दिने घोषणा गरिएको थियो । बकिङहम दरबारमा शुक्रबार आयोजित एक समारोहमा बेलायती महारानी एलिजावेथ द्वितियाकी सुपुत्री राजकुमारी एनीले पदक प्रदान गरेकी हुन् । **बाँकी ८ पेजमा**

जेठ ४ मा स्थानीय चुनाव गर्न प्रस्ताव

काठमाडौं । निर्वाचन आयोगले कानुन संशोधन नै नगरी आउँदो जेठ ४ मा स्थानीय तहको चुनाव गर्न सकिने प्रस्ताव सरकारसमक्ष राखेको छ। सरकारले संविधानसँग 'बाझिएका' कानुनी प्रावधान संशोधन गर्न खोजिरहेका बेला आयोगले ७ सय ५३ वटै स्थानीय तहको चुनाव एकै चरणमा गर्न मंगलबार प्रस्ताव गरेको हो।

असोजअघि चुनाव नगर्ने योजना बनाएका सत्ता गठबन्धनका नेताहरू चौतर्फी दबाबका कारण जेठकै लागि सहमत भएपछि मंगलबार सरकारले आयोगका पदाधिकारीलाई परामर्शका लागि बोलाएको थियो। प्रस्तावित मितिमा एकै चरणमा चुनाव गर्न सरकार तयार रहेको आयोगले जनाएको छ। **बाँकी ८ पेजमा**

उपभोक्ता मारमा, कृषक खुसी

काठमाडौं । सरकारले दूधको मूल्य बढाएकोमा उपभोक्तकर्मीले आपत्ति जनाएका छन् । सोमबार सरकारले किसानको नाममा बढाएको प्रतिलिटर ६ रूपैयाँ ५२ पैसा वास्तविक किसानको हातमा नपुग्ने र बिचौलियाको मात्र पोसिने उपभोक्ताकर्मीको भनाइ छ ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले बिचौलिया पोस्न सरकारले किसानको नाममा दूधको मूल्यवृद्धि गरेको आरोप लगाए । 'एउटा गाईको गोठ, एउटा बाल्टिनसमेत नभएका बिचौलियालाई पोस्नु किसानको नाममा सरकारले **बाँकी ८ पेजमा**

आईपीएल अक्सनमा नेपालबाट सन्दीप

दिल्ली । इन्डियन प्रिमियर लिग (आइपिएल) २०२२ को मेगा अक्सनको लागि नेपालबाट सन्दीप लामिछाने मात्र छनोट भएका छन् । नेपालबाट १५ खेलाडीले अक्सनमा नाम दर्ता गराएपनि सन्दीपमात्र मेगा अक्सनको लागि छनोट भएका हुन् । सन्दीप बाहेक नेपालबाट आसिफ शेख, पवन सरार्फ, सन्दीप जोरा, कुशल भुर्तेल, रोहित कुमार पौडेल, सुशान भारी, आरिफ शेख, अभिनाश बोहरा, विनोद भण्डारी, शरद भेषावकर, कुशल मल्ल, करण केसी, **बाँकी ८ पेजमा**

नेपाली भूमि भारतको कब्जामा

धनुषा । धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिकाको चोरापाखर जमुनी नदी किनारको फुलहर घाटमा नयाँ सीमास्तम्भ राखिएपछि नेपालीको खेत भारततर्फ परेको छ । पुस्तौंदेखि भोगचलन गर्दै आएको खेत पारि परेपछि स्थानीय समस्यामा परेका छन् ।

हातमा लालपुर्जा भए पनि जग्गा भारतमा परेको स्थानीय मायाशंकर यादवले बताए । खेतको बीचमै २८९/२ नम्बरको मझौला सीमास्तम्भ गाडिएको छ, उनले भने । 'भारततिर परेको ११ कठ्ठाभन्दा बढी जग्गा भोगचलन गर्न वञ्चित भएको छु ।' उनको कित्ता नम्बर ४३४ र ४३५ खेतीयोग्य जग्गा छ । भारततर्फ परेको जग्गाको मालपोत भने नेपाल सरकारलाई नियमित बुझाउँदै आएको उनले बताए ।

यो क्षेत्रमा पछिल्लो पटक २०७६ माघमा सीमा निर्धारण गरिएको थियो । नेपाल–भारत प्राविधिकको टोलीले सीमास्तम्भ नेपालतर्फ अतिक्रमण गरी राखिदिएको स्थानीय **बाँकी ८ पेजमा**

रंगशाला बाहिर खेलाडीको प्रदर्शन

काठमाडौं । राष्ट्रिय खेलकुद परिषद् (राखेप)को प्रमुख कार्यकारी सदस्य सचिवको विषय टुंगो नलागेको भन्दै खेलकुदसँग सम्बन्धित तीन संस्थाले आज विरोध प्रदर्शन गरेका छन् । नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघ, नेपाल ओलम्पिक संघ, राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघले आज विरोध कार्यक्रम आयोजना गरेका हुन् ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को परिसरबाट शुरु भएर दशरथ रंगशाला अघिसम्म खेलाडीहरूले ज्याली निकालेका थिए । प्रदर्शनमा दीपक श्रेष्ठ, दीपक बिष्ट, आयुसा शाक्य, अनु अधिकारी, दीपक महर्जन लगायतका राष्ट्रिय खेलाडीहरू पनि सहभागी थिए ।

कालोपट्टीले हात बाँधेर ज्यालीमा सहभागी भएका **बाँकी ८ पेजमा**

महाकालीमा नेपाल–भारत जोड्ने पुल

काठमाडौं । भारत सरकारको अनुदान सहयोगमा दार्चुलास्थित महाकाली नदीमा भारतको धार्चुला जोड्ने पुल निर्माण गरिने भएको छ । भारतको उत्तराखण्डस्थित धार्चुला र नेपालको सुदूरपश्चिमस्थित दार्चुला जोड्ने उक्त पुल निर्माणको लागि मंगलबार भारतीय पक्षसँग सम्झौता भएको हो । **बाँकी ८ पेजमा**

मौसम अझै सफा नहुने

काठमाडौं । केही दिनयता मौसममा सुधार आएकोमा बुधबारदेखि फेरि खराबी आएको छ । पश्चिम नेपालबाट प्रवेश गरेको पश्चिमी न्यूनचापीय प्रणालीले मुलुकभर असर गर्ने आकलन मौसम पूर्वानुमान महाशाखाले गरेको छ। आइतबारबाट मात्र मौसममा सुधार आउनेछ। **बाँकी ८ पेजमा**

मोदीमाथि देशद्रोहको आरोप

समय सन्दर्भ

● **एजेन्सी**

काठमाडौं । भारतको राजनीतिमा पुनः एक पटक कथित पेगासस जासुसी मामिला प्रवेश गरेको छ । गत साता अमेरिकी अखबार न्युयोर्क टाइम्सले भारतले इजरायली स्पाईवेयर पेगासस खरिद गरेको एक रिपोर्ट प्रकाशित गरेपछि त्यहाँको राजनीतिमा तरंग पैदा भएको हो ।

न्युयोर्क टाइम्सको रिपोर्टलाई आधार मान्दै कतिपय विपक्षी दलले नरेन्द्र मोदी सत्तामाथि औंला ठड्याउन थालेका छन् । भारतले रक्षा सम्झौताअन्तर्गत २०१७ मा इजरायलसँग पेगासस खरिद गरेको दावी न्युयोर्क टाइम्सको रिपोर्टमा गरिएको छ । हतियार खरिद शीर्षकको दुई अर्ब डलरको प्याकेजमा यो खरिद गरिएको बताइएको छ ।

गत वर्ष पेगासस जासुसी सफ्टवेयरको माध्यमबाट कैयौं देश नेता, पत्रकार तथा सामाजिक अभियन्ताको कल रेकर्ड गरेको विषय सार्वजनिक भएको थियो, जसमा भारतको नाम पनि सामेल थियो । त्यसपछि भारतीय राजनीतिमा आरोप–प्रत्यारोपको शृंखला

सुरु भएको थियो । राजनीतिक दलदेखि पत्रकार र सामाजिक अभियन्ता समेतले अहिले पनि यसबारे टिप्पणी गर्न थालेका छन् । यो यतिखेर सोसल मिडियामा ट्रेन्डमा छ र मानिसहरूले यसबारे गम्भीर चर्चा गर्न थालेका छन् । कंग्रेस नेता राहुल गान्धीले शनिबार एक ट्विट गर्दै मोदी सरकारले देशका प्राथमिक संस्था, राजनीतिक नेताहरू र जनताविरुद्ध जासुसी गरेको आरोप लगाएका छन् ।

यस्तै जासुसी गर्न मोदीले पेगासस खरिद गरेको पनि उनले उल्लेख गरेका छन् । 'फोन टेप गरेर सत्ता पक्ष, विपक्ष, सेना, न्यायपालिका सबैलाई निशाना बनाइएको छ, यो देशद्रोह हो,' गान्धीले भनेका छन्, 'मोदी सरकारले देशद्रोह गरेको छ ।'

तृणमूल कांग्रेस पार्टीका नेता महुआ मोइत्राले पनि न्युयोर्क टाइम्सको रिपोर्ट ट्विट गरेका छन् । कंग्रेस नेता पी चिदम्बरमले इजरायलसँग पेगासस खरिद गरेको आरोप लगाउँदै मोदीमाथि व्यंग्य कसेका छन् । शिवसेना सांसद प्रियंका चतुर्वेदीले जनताको पैसा जासुसीमा बीजेपी सरकारले खर्च गरेको आरोप लगाएकी छन् । उनले ट्विटरमा लेखेकी छन्, 'भारतका कर तिर्ने नागरिकको पैसा जासुसी र निगरानीमा सरकारले खर्च गरेको छ । यस्तो जासुसी त देशको जमिन कब्जाविरुद्ध गर्न सकेको भए राम्रो हुन्थ्यो ।'

गत वर्ष जुलाईमा 'वासिङ्टन पोस्ट' र भारतीय समाचार पोर्टल 'द वायर'ले संसारका थुप्रै पत्रकार तथा सामाजिक अभियन्ताको फोन ह्याक गरिएको खबर सार्वजनिक गरेका थिए । द वायरले महत्वपूर्ण ५० हजार वटा नम्बरको डेटाबेस लिक भएको र त्यसमध्ये तीन सयभन्दा बढी नम्बर भारतीय नागरिकको रहेको उल्लेख गरेको थियो । त्यसमा भारतका राजनेता, पत्रकार **बाँकी ८ पेजमा**

सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्र(ाचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्फना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

सम्पादकीय

संघीयताको नाममा लुटिएको देश

संघीयतामा मुलुकको शासन प्रणाली गएपछि रातारात विकासको लहर सुरू हुने र देश आर्थिक रूपमा कायापलट हुने आशा संघीयता पक्षधर शक्तिले देखाएका थिए । मुलुकमा संघीय शासन प्रणाली लागू गराउनमा प्रमुख जस लिइरहेको माओवादी र मधेसवादी दल अहिले पनि संघीयताको बखान गर्न थाकेका छैनन् । छोटो समयमै संघीयता असफलताको संघारमा पुगिसकेको तथ्य यत्रतत्र सर्वत्र देखिन थालेका छन् । नेपालजस्तो सानो देशलाई टुक्रा टुक्रा पारेर संघीय राज्य खडा गर्नुको कुनै औचित्य थिएन । देशभित्रको स्वार्थी समूह र विदेशी शक्तिको आर्थिक लगानीमा स्थापित संघीयता अहिले धराशायी बन्न थालेको छ । प्रदेश सरकारले प्रदेश बन्नुको औचित्यता पुष्टि गर्न सकेका छैनन् । विकास बजेट खर्च हुन नसक्नु र प्रदेशमा साधारण खर्च अत्यधिक बढाउन प्रदेशपिच्छे मन्त्रालय फुटाएर जम्बो मन्त्रिमण्डल बनाउनुले प्रदेश सरकार केवल केही व्यक्तिको तलब, भत्ता खाने थलो मात्र बन्न पुगेको छ ।

प्रदेशको नामकरण समेत गर्न नसकेको प्रदेश १ को सरकारले मन्त्रालय टुक्र्याएर १२ पुऱ्याएको छ । यसअघि नै मधेस प्रदेशमा १३ जनाको मन्त्रिपरिषद् पुऱ्याइएको छ । वाग्मतीले सबैको रेकर्ड तोडेर १८ सदस्यीय जम्बो मन्त्रिमण्डल बनाएको छ । गण्डकीमा १२ मन्त्रालय, लुम्बिनीमा १७ सदस्यीय मन्त्रिपरिषद्, कर्णालीमा पनि एक मन्त्रालय थपेर आठ पुऱ्याइयो । सुदूर पश्चिममा मन्त्रीको संख्या ११ पुऱ्याइयो । प्रदेश सरकारमा गठबन्धनको भागबन्डा पुऱ्याउने र सत्ता टिकाउने नाममा गरिएको यस्तो खालको नांगो नाचले प्रदेशको औचित्यतामै गम्भीर प्रश्नचिन्ह खडा भएको छ । प्रदेश सरकारको ध्यान केवल बजेट लुट्नमा केन्द्रित छ । जनताको हितमा प्रदेश सरकार छैनन् भन्ने कुरा हुम्लाका जनताको खाद्यान्न अभावसम्बन्धी समाचारले छर्लंग हुन्छ । चार किलो चामल लिन सिडिओले सिफारिस दिनुपर्ने र त्यो समेत सबैले नपाउने जस्ता समाचारले प्रदेश सरकारको शिर झुक्नुपर्ने हो । विगतमा केन्द्रमा मात्र सरकार हुँदा ध्यान पुगेन होला भन्न सकिन्थ्यो अहिले जिल्लैपिच्छे मात्र नभएर टोलैपिच्छे मन्त्री हुँदा पपिन खाद्यान्न अभावको समस्या किन देखिएन ? त्यसैगरी जनता सामान्य स्वास्थ्य उपचारबाट वञ्चित छन् । जनतासँग पैसा तिरेर महँगो उपचार लिन सक्ने क्षमता छैन ।

संघीयताको नाममा माथिदेखि तलसम्म सञ्जाल बिछ्याएर जनताले तिरेको करमा मोजमस्ती गर्ने जमात खडा गरिएको छ । वडाध्यक्ष डोजरको मालिक बनेर जथाभावी पाखा, पखेरा भत्काएर हिँडिरहेका छन् । प्रमुख, उपप्रमुख महँगा मोटर दौडाएर हिँडेका छन् । चौतारामा बसेर विकास निर्माणको छलफल गर्नुपर्ने ठाउँमा गाउँका नेताहरू झन्डा हल्लाएर पिर्के सलामी खाँदै घुमिरहेका छन् । केन्द्रको सरकार र नेताहरूको कुरै नगरौं । सामान्य बिरामी पर्दा करोडौं खर्चेर विदेशका महँगा हस्पिटलमा उपचार गराउन नेताहरू सक्षम बनेका छन् । पैसाको स्रोत कसैले खोजेको छैन । विकास निर्माण, राष्ट्रिय गौरवका योजना जस्ता कुरामा सरकारको ध्यान पुग्न सकेको छैन । सार्वजनिक जग्गा, दरबारका जग्गा भाडामा लगाएर कमिसन खाने, महामारीको समयमा भ्याक्सिनको कालोबजारी गरेर बेचबिखन गर्ने, विमान चार्टरको नाममा खाडीमा काम गर्ने युवा लुट्ने जस्तो बदमासी गरेर सरकारले नांगो नाच देखाउँदै आएको छ । अहिले एमसीसी जस्तो राष्ट्रघाती सम्झौता संसदबाट अनुमोदन गरेर देश र जनतालाई इतिहासमै ठूलो धोका दिने षड्यन्त्रका तानाबाना बुनिँदै छन् । संघीयताको नाममा देश लुट्ने फोहोरी धन्दाको साक्षी जनता कहिलेसम्म बस्ने ? प्रश्न गम्भीर रूपमा उठेको छ ।

माओको ५ औंले विदेश नीति, कांग्रेस र एमालेको जिद्दी र म्यानमारको नियति

सुरेन्द्र ढकाल

चिनियाँ कम्युनिस्ट पार्टीका आजीवन अध्यक्ष माओत्से तुङले आफ्नो विदेश नीति दस्तावेजमा तिब्बतलाई दाहिने हत्केला र लद्दाख (१), सिक्किमसहितको नेपाल (२), भूटान (३) अरुणाचल प्रदेश (४) बर्मा (५) लाई उक्त हत्केलाको ५ वटा औंलाको रूपमा व्याख्या गरेको र तिब्बतलाई साम्राज्यवादीको हातबाट जोगाउने हो भने यी ५ औंलामा चीनको राम्रो पकड हुनुपर्छ भनिएको छ ।

दोस्रो विश्वयुद्धपश्चात् एकाएक महाशक्ति बनेको अमेरिका समाजवादलाई सामरिक युद्ध (Hardware War) गरेर समाप्त पार्न सकिन्छ भनेर लागि परेको थियो । तर भियतनाम र कोरिया युद्धमा हारेपश्चात् र नेपालमा अमेरिकी हतियारले सुसज्जित तिब्बती खम्पा विद्रोह दमन भएपछि यसले समाजवादलाई अन्त्य गर्न Hardware होइन Soft ware युद्धतर्फको नीति अवलम्वन गऱ्यो ।

चीनको ५ औंले विदेश नीति माओत्से तुङकै पालामा क्रियाशील हुन नसक्दा भूटान भारतको पोल्टामा गयो भने सोभियत संघसँग २० वर्षे सैनिक सुरक्षा सन्धि गरेकै बलमा भारतले सिक्किम खाइदियो र नेपाललाई कालान्तरमा खाने योजना बनायो । त्यस योजनालाई शान्तिक्षेत्रको प्रस्ताव अघि सारी राजा वीरेन्द्रले भारतलाई राम्रै काउन्टर दिए ।

Software युद्ध अगाडि बढाउने क्रममा अमेरिकाले पहिलो निसाना सोभियत संघ र दोस्रो निसाना चीनलाइ बनायो । यसका लागि अमेरिकाले बहुलवाद भन्ने एक अस्त्र र मानव अधिकार भन्ने अर्को अस्त्र तयार गऱ्यो । यी अस्त्रको पहिलो प्रयोग सोभियत संघमाथि भयो । यस युद्धको नेतृत्व अमेरिकाले मिखायल गोर्वाचोभ भन्ने व्यक्तिलाई दियो जसले बहुलवाद र मानव अधिकार (ग्लासनोस्ट र पेरेस्त्रोइका) को नारा खुबै घन्काए । अमेरिकाले यिनलाई शान्तिको नोबेल पुरस्कार दिलाई उसको व्यक्तित्वलाई निकै उँचो बनाइदियो । यही गोर्भाचोभ आफ्नो मिसनमा सफल हुँदा सोभियत संघ टुक्रा टुक्रामा विभाजन भयो, पूरै पूर्वी युरोपको समाजवाद ग्वार्लामगुर्लुम भयो । अमेरिका विश्वको एकमात्र महाशक्तिको रूपमा स्थापित भयो ।

सोभियत संघ ढालेपछि अमेरिकाको आँखा चीनको समाजवादमाथि पर्नु स्वभाविकै थियो । किनकी चीनले जुन रूपमा आर्थिक, सामरिक, सांस्कृतिक अनि अन्तरिक्षलगायत सबै क्षेत्रमा अमेरिकालाई उछिन्ने गरी विकास गरेर देखाउन थालेको छ जसले अमेरिकाको निद हराम हुन पुगेको छ । तसर्थ चीनको समाजवादलाई पनि सोभियत मोडेलमै ध्वस्त पार्न अमेरिकाले फेरि दुई पात्र नियुक्त गऱ्यो । एक– भारतमा तिब्बती निर्वासन सरकार चलाइरहेको दलाइ लामा र अर्को बर्माकी आङ सान सुकी । गोर्वाचोभलाई जस्तै यी दुबैलाई शान्तिको नोबेल पुरस्कार दिलाई यिनीहरूको व्यक्तित्वलाई पनि बेस्सरी चुलाउने काम गऱ्यो अमेरिकाले ।

तत्पश्चात् अर्कोतर्फ चीनका छिमेकी राष्ट्रहरूलाई अनुदानको लोभ देखाई आफ्नो पक्षमा ल्याउन उसले हिन्द प्रशान्त रणनीतिको नयाँ पासा फाल्यो । तिब्बतलाई विखण्डन गर्ने ज्यादै राम्रो आधार इलाका नेपाल हुन सक्ने ठहर गर्दै नेपाल र बर्मालाई हिन्द प्रशान्त रणनीतिमा केन्द्रीय भूमिका दिने अमेरिकाले तय गरेपछि बल्ल चीनको होस फर्क्यो । हिजो भारतले पाकिस्तान टुक्राचाई बंगलादेश बनाउँदा र सिक्किम खाँदा कानमा तेल हालेर बसेको चीनले बल्ल बुझ्यो कि अमेरिका आफ्नो Software युद्धमा निकै अगाडि बढिसक्यो भनेर ।

हङकङ, मकाउ, तिब्बत, ताइवान, सिन्ज्याङ अनि नेपालका जनतालाई चीनविरुद्ध उचाल्नुले अमेरिकाको चीनविरुद्धको रणनीति प्रस्ट भएपछि चीनमा एक्सनमा उत्रियो जसको फलस्वरूप बर्मामा सुकीको सरकारलाई त्यहाँको सैनिकले अपदस्थ गरी मुद्दा चलाई उनलाई जेलमा कोचिदिएको अवस्था छ अहिले । यसविरुद्ध विश्वको कुनै शक्तिले केही नाप्न सकेन । लद्दाख, नाथुला अनि दोक्लाम आदि चीन–भारत सीमा क्षेत्रमा चीनको सैन्य उपस्थिति निकै बाक्लिएको छ, भारतीय सैनिक मारिदा छन् । यी सबै कुरा देख्दादेख्दै शेरबहादुर, खड्ग ओली, बाबुराम भट्टराई र यिनका अनुयायीहरू अमेरिकाको पक्ष एमसीसीमा खुलेर लाग्नुले कतै नेपालले पनि बर्माकै नियति त भोग्ने होइन भन्ने लख काटिँदै छ ।

नेपालका सत्तामा आइसकेका बामपन्थीहरू अमेरिकी गुप्तचर संस्था सीआईए र भारतीय गुप्तचर संस्था रअका एजेन्टहरू हुन् भनेर चीनको विदेश मन्त्रालयले ठोकुवा गरिसकेको परिप्रेक्ष्यमा चीनले नेपालको कुन शक्तिलाई परिचालन गर्ने हो भन्ने कुरा अन्दाज गर्न गाह्रो छैन । विगतमा राजा वीरेन्द्रले शाही सेना लगाई तिब्बती

खम्पा दमन गरेको र राजा हुनासाथ ज्ञानेन्द्रले काठमाडौंमा रहेको दलाई लामाको सम्पर्क कार्यालय बन्द गराएको र चीनलाई सार्कमा ल्याउनुपर्छ भनेर वकालत गरेको चीनले बिर्सेको छैन ।

एमसीसी अनुमोदन गर्नुपर्छ भनी शेरबहादुर, खड्ग ओली अनि बाबुरामहरू लागिपरिरहँदा माओवादी अध्यक्ष प्रचण्डसँग गोप्य भर्चुअल मिटिङ गरी चीनले के भन्यो त्यो प्रचण्डलाई थाहा होला । राप्रपाको नयाँ अध्यक्ष लिङदेनले सबै नेताहरूलाई उनीहरूकै फोरममा गएर चोर भन्ने हिम्मत गरे । ६ महिनाभित्र हिन्दू राज्य पुनःस्थापना गरेर देखाइदिन्छु त्यसै भनेका होइनन् होला । उनकै अगुवाईमा गद्दीच्यूत भएको धेरै वर्षपछि राजा पहिलो पटक सडकमा आएर पृथ्वीनारायणको सालिकमा माल्यार्पण गरेको दृश्य देख्नेहरूले के लख काट्दै होलान् ? प्रश्न पेचिलो छ ।

माओको ५ औंले विदेश नीतिलाई बर्माबाट प्रभावपूर्ण तरिकाले कार्यान्वयन गर्न सुरु गरेका राष्ट्रपति सी जीन पिङले नेपाल भ्रमणबाट फर्कंदा चीन विरोधीहरूको हड्डी चकनाचुर पारिदिने घोषणा गरेका थिए । कतै एमसीसी अनुमोदन गर्नैपर्ने शेरबहादुर, खड्ग ओली अनि बाबुरामको जिद्दिले गर्दा नेपालले पनि बर्माकै नियति भोग्ने त होइन ? दिन परदिन नांगिदै गएका पदलोलुप असक्षम नेताहरू, देशले आर्थिक रूपले थेग्न नसक्ने संघीयता, भ्रष्टाचारको पूर्णरूपमा गरिएको संस्थागतिकरण, महँगी, अव्यवस्थाको कारण जनतामा आएको नैराश्यता कतै सैनिक कू को कारण बन्ने त होइन ?

निमुखाहरूको पक्षमा कानुन खोई ?

गोविन्द विक

नेपालको कानुन निमुखा जनताको पक्षमा छैन भन्ने गतिलो उदाहरण बारा परवानीपुरका उमाशंकर रायभरको घटनाले स्पष्ट भएको छ । विना कसुर गल्ती नै नगरी करिब ११ महिना थुनामा बसेर बारा परवानीपुरका उमाशंकर रायभर अन्ततः थुनामुक्त भएका छन् ।

विशेष अदालतले करोडौं रुपैयाँ राजस्व छली गरेको कसुरमा दोषी ठहर गरी उनले तिर्नै नसक्ने रकम धरौटीको रुपमा माग गरेपछि रायभर थुनामा गएका थिए । सो मुद्दा सर्वोच्च अदालतमा पुनः पेस भएपछि अदालतले २५ हजार धरौटी तोकेपछि उक्त धरौटी बुझाएर रायभर थुनामुक्त भएका छन् ।

रायभरको नागारिकता र हस्ताक्षर दुरुपयोग गरी सर्लाहीका सरोजकुमार मिश्रले रायभरको नाममा कम्पनी खोलेर विभिन्न कारोबार गरी करिब २८ करोड राजस्व छली गरेका थिए । रोजगार पाइने आसले रायभरले आफ्नो नागरिकता दिई कागजातमा हस्ताक्षरसमेत गरिदिएका थिए । ओइलानी जग्गामा फुस्को छानो भएको झोपडीमा बसेर बिहान बेलुका ज्याला मजदुरी गरी आफ्ना परिवारको भोक मेटाइ रहेका रायभरलाई कानुनले सहजै दोषी ठहर कसरी गर्न सकेको ? यो घटनाबाट के बुझिन्छ भने नेपालको कानुन गरिब सापेक्ष नभएको र कानुनमा भएका यस्ता छिद्रहरूलाई राज्यले केलाउन नसकेको देखिन्छ ।

दैनिक ज्याला मजदुरी गरेर बिहान बेलुकाको छाक टार्ने रायभर विना कसुर ११ महिना थुनामा बसेको क्षतिपूर्ति राज्यले दिनु पर्दछ । निर्दोष निमुखाहरूलाई विना कुनै कसुर कानुनको फन्दा देखाएर यसरी जेलमा राख्नु मानव अधिकारको धज्जी उडाउनु हो । राज्यले यस्ता किसिमका त्रुटिहरूलाई बेलैमा सच्याउन जरुरी छ । के निमुखाहरू चलाखीहरूको फन्दामा परे भने त्यसबाट उम्किनका लागि नेपालमा कानुन नभएकै हो त भन्ने गम्भीर आशंका देखिन्छ ।

मुद्दामा समावेस भएका कागजातको मूल्यांकन नै नगरी रायभरसँग ७५ लाख धरौटी माग्ने उच्च अदालतको त्रुटिलाई कुन कानुनले कारवाही गर्छ होला ? रायभरको घटना त एउटा प्रतिनिधि घटना मात्र हो । यसरी विना कसुर कानुनको फन्दामा परेर जेल जीवन बिताउनेहरूको लिस्ट लामै छ । यस किसिमका त्रुटिहरूप्रति राज्यले कुनै पनि ध्यान दिएको पाइँदैन । कानुन भनेको पीडितलाई न्याय दिलाउनका लागि हो । धनी गरिब सबैलाई कानुनको आँखाले समान व्यवहार गर्नुपर्ने हुन्छ । कुनै पनि कसुरमा दोषी हो या हैन भन्ने कुरा पर्याप्त अनुसन्धान तथा छानविनको पक्ष हो । तर दोषी छैन भन्ने पर्याप्त आधार तथा प्रमाणहरू हुँदाहुदै कानुनले परिबन्दमा पारेर सजाय कटाउन बाध्य पार्छ भने त्यस किसिमका विषयहरूलाई राज्यले तत्कालै परिमार्जन तथा संशोधन गर्न आवश्यक हुन्छ ।

दोषी छैन भन्ने पर्याप्त आधार तथा प्रमाणहरू हुँदाहुदै कानुनले परिबन्दमा पारेर सजाय कटाउन बाध्य पार्छ भने त्यस किसिमका विषयहरूलाई राज्यले तत्कालै परिमार्जन तथा संशोधन गर्न आवश्यक हुन्छ ।

११ महिना विना कसुर थुनामा रहँदा उनका परिवारलाई कति पीडा भयो होला ? उनका परिवारले कति तड्पिनु पऱ्यो होला । यसको मूल्यांकन कसले गर्ने ? विना कसुर निमुखाहरूलाई कानुनले थुनामा जान बाध्य पार्छ भने त्यस किसिमको व्यवस्थालाई हटाउनका लागि राज्य चनाखो हुनुपर्दछ । कानुनमा भएका त्रुटिहरूको छिद्रहरूलाई केलाउने दायित्व राज्यको हो । कानुनको धज्जी उडाएर समाजमा हिंसा बलात्कार जस्ता घटनाहरू घटाएर खुलेआम समाजमा हिँड्नेहरूलाई राज्यले देख्दैन तर कुनै कसुर नै नगरी चलाखी गर्नेहरूको फन्दामा परेर पीडित हुनेहरूलाई कानुनले पनि तत्कालै दोषी देख्ने यो कस्तो किसिमको अभ्यास हो ? यस्ता त्रुटिहरू किन नहटाउने ? राज्यले उमाशकंर रायभरलाई विना कसुर थुनामा राखेको क्षतिपूर्ति तत्काल उपलब्ध गराउनुपर्दछ र यदि कानुनमा व्यवस्था नभए पनि विना कुनै कसुर जोकोहीलाई राज्यले दोषी देखाएर थुनामा राख्छ भने त्यसको क्षतिपूर्ति राज्यबाट भराउने व्यवस्था पनि कानुनमा हुनका लागि राज्य सञ्चालन गर्नेहरूको ध्यान जानु पर्दछ र यसमा राजनीतिक दल नागारिक समाजलगायत सरोकारवाला पक्षको गम्भीर ध्यान जान जरुरी छ । हैन भने रायभर जस्ता अझै धेरै निमुखाहरूले विना कसुर थुनामा बस्ने अभ्यास दोहोरिरहन्छ ।

मैले देखेको १९४ औं विश्व पर्यटकीय स्थल

त्रियस्ते इटलीको पिआच्जा उनिता र त्यहाँको क्याथेड्रल

सुरेन्द्र ढकाल

क्याथेड्रलभित्र रहेको कार्लिस्ट परिवारको चिहान



क्याथेड्रलको भित्री गजुर र मोज्याकमा गरिएको मेरीको चित्र

क्याथेड्रलको मुख्य कक्ष

क्याथेड्रलको घण्टाघर (बेल टावर)

अगाडिबाट हेर्दा क्याथेड्रल यस्तो देखिन्छ

भेन्तिमिग्ल्यांको रेलवे स्टेसनमा आइपुग्दा मध्यरात भएको थियो। मध्यरातको कुनै रेल रहेनछ। मध्यरातमा होटल खोज्दै हिँड्ने कुरा पनि भएन। भोलिपल्ट बिहान २ जुलाई २०१३ को ४ बजे मात्रै पहिलो रेल भेन्तिमिग्ल्यांबाट पिसा हुँदै रोम जाने रहेछ। मित्र कृष्ण दुलालजीलाई विश्व आश्चर्यमा सूचिकृत पिसाको ढल्केको टावर अनि त्यसै दिन अर्को विश्व आश्चर्य रोमको कोल्लोस्सियम अवलोकन गराउने मेरो इच्छाअनुरुप त्यस रात हामीले भेन्तिमिग्ल्यांको रेलवे स्टेसनको कुर्चीमा उम्दै रातको ४ घण्टा बितायौं।

म त जस्तो अवस्थामा पनि निदाउने मान्छे भएको हुँदा केही फरक परेन तर कृष्ण दुलालजीको आँखा भने धेरै दिनदेखि राम्ररी सुत्न नपाएको कारण गोलभेडा जस्तो रातो भएको थियो। जसोतसो हामीले ४ घण्टाको समय व्यतित गरी बिहान ४ बजे इटलीको पिसातर्फ लाग्यौं। रेलवेको सिटमा बसेको केही बेरमै दुलालजी निदाउन थाल्नुभयो। लामो दिन भएको कारण झण्डै सूर्योदय हुने तरखरमा थियो। म चाहीँ पश्चिम भूमध्यसागरको तटीय इटलीका शहरहरू रेलको झ्यालबाट अवलोकन गर्दै मजा लिइरहेको थिए।

करिब २५ मिनेटमै रेल इटलीको सानरेमो शहर आइपुग्यो र त्यहाँ आधा घण्टा रोकिने जानकारी दिएअनुरुप म फुत्तरेलबाट बाहिर निस्की नजिकैको एउटा गिफ्ट सपबाट सानरेमोको एउटा सानो चिनो खरिद गरी पुनः आफ्नो डब्बामा फर्किएँ। दुलालजी निदाइ नै रहनुभएको थियो। रेल पुनः अघि बढ्यो त्यस क्रममा रेलको झ्यालबाट मैले इटलीयन शहर सानरेमोलाई राम्रै नियालें। रेल गेनोआको लिगुरियन खाडीको तटैतट हुँदै करिब दिनको १२ बजे पिसा आइपुग्यो। पिसामा दुलालजीलाई त्यहाँको विश्व आश्चर्य ढल्केको टावर अवलोकन गराई हामी दुई बजे फेरि अर्को रेल लिई इटलीको राजधानी रोमतर्फ हानियौं।

करिब २ सय ६५ किलोमिटर पार गरी पिसाबाट हामी रोम आइपुग्दा दिनको ३:३० भएको थियो। रेलबाट ओर्ली कृष्ण दुलालजीलाई पैदलै रोममा अवलोकन गर्नुपर्ने विश्व पर्यटकीय स्थल पिआच्जा रिपुब्लिका, पियाच्जा भेनेत्सिया र विश्व आश्चर्यमा परेको रोमको कोलोस्सियम, पिआच्जा देल पोपोलो, फोन्ताना त्रेभी, पिआच्जा देल्ला स्पान्या, सान्ता मारिया माज्जेरोको चर्च देखाउँदै हामी ४ घण्टापछि पुनः रोमको रेलवे स्टेसन फर्कियौं। दुलालजी धेरै थाक्नुभएको कारण भेटिकनसिटी हेर्ने कुरालाई थाति राखेर त्यसै रातको ११ बजेको रेल लिई हामी जुलाई ३ को बिहानै ७ बजे पूर्वयुगोस्लाभियन गणराज्य अनि वर्तमानको स्वतन्त्र मुलुक स्लोभनियासँग जोडिएको उत्तरपूर्वी इटालियन शहर त्रियस्ते आइपुग्यौं।

रेलवे स्टेसनकै रेष्टुराँमा कापुच्चिनो र दुई दुईवटा क्रोसन खाई त्रियस्ते शहरको मुटुमा रहेको पिआच्जा उनिता र त्यहाँ रहेको क्याथेड्रल अवलोकन गर्न त्यसतर्फ लाग्यौं। भूमध्यसागरीय आद्रिआतिक महासागरको तटैतटको मार्ग करिब डेढ किलोमिटर पैदलै हिँडी हामी ९ बज्न लाग्दा पिआच्जा उनिता आइपुग्यौं।

पिआच्जा उनिता

यसलाई इटालियन एकताको खुलास्थल **Piazza Unità d'Italia** (*Unity of Italy Square*) भनिँदो रहेछ। त्रियस्तेको आद्रिआतिक महासागरको बन्दरगाहामा रहेको यो मुख्य स्क्वायरमा सान जुस्तो एक क्याथेड्रल पनि रहेछ। पश्चिमतर्फ विशाल बन्दरगाहमा रहेको यसलाई युरोपकै ठूलो स्क्वायरका मानिँदो रहेछ। यस स्क्वायरको निर्माण यस बन्दरगाहमा विगतमा अष्ट्रियन हंगेरियन साम्राज्यअन्तर्गत रहँदाताका भएको रहेछ। यहाँ क्याथेड्रलको अतिरिक्त नगरपालिकाको भवन लगायत अरु महत्वपूर्ण दरवार पनि रहेछन्।

सन १९१९ अगाडि यसलाई विशाल स्क्वयार *Piazza Grande*, or Great Square भनिदो रहेछ पछि इटलीसँग एकिकृत भएपछि मात्रै यसलाई इटालियन एकताको स्क्वायर भन्न शुरु भएछ। विशाल संगीत कार्यक्रम concert venue का रुपमा प्रयोग हुँदै यस स्क्वायरमा १२ हजार दर्शकहरू अटाउन सक्ने रहेछ। विशेष गरेर विदेशी राष्ट्रप्रमुखहरू आउँदा यहीँ नै बैठक आयोजना हुने गर्दो रहेछ। यसै वर्षको नोभेम्वर महिनामा रुसका राष्ट्रपति पुटिन त्यहाँ आउने रे भन्ने पनि हामीले जानकारी पायौं। बाल्कन प्रायद्विपको अति महत्वपूर्ण व्यापारिक र कुटनीतिक केन्द्रको रुपमा यस स्क्वायर विश्व प्रख्यात भएको रहेछ। स्क्वायर अवलोकन गरेपछि हामी त्यहाँ रहेको सान जुस्तो क्याथेड्रल अवलोकन गर्नतर्फ लाग्यौं।

क्याथेड्रल सान जुस्तो

यो एक रोमन क्यथोलिक चर्च सन्त जुस्तोप्रति समर्पित रहेछ। सन १८९९ मा नै सहायक (Minor) वासिलिका स्तरको मान्यता प्राप्त क्याथेड्रल र त्रियस्तेको विसप रहने मुख्य चर्चको रुपमा यो स्थापित रहेछ। यो क्याथेड्रल रहेको स्थलमा प्राचीन रोम साम्राज्यकाल छैठौं शातब्दिमा नै धार्मिक मठहरू रहेको बताइदो रहेछ। यसको प्रवेश द्वारमा रहेको पिरामीड शैलीको Capitoline भन्ने मन्दिर जुपिटर पुराण Jupiter Mythology मा उल्लेख भए अनुसार बनेको रहेछ। यस वासिलिकाको मुख्य मौलिक शैलीको हललाई नबिगारीकनै पछि बनेको हलसँगै एकिकृत गरिएको रहेछ। यस वासिलिका बनिसक्दा नसक्दै लोम्बार्डहरूको आक्रमणमा परी क्षतविक्षत भएको यस स्थलमा नवौंदेखि एघारौं शताब्दिबीच एउटा सेन्ट मेरी र अर्को सेन्ट जुस्तोको गरी दुइवटा वासिलिका रहेको र १४ औं शताब्दिमा आएर दुवैलाई जोडी गोथिक शैलीमा एक बनाइएको रहेछ। यसै स्थलमा पाइएको पुरातात्विक ढुंगाहरूलाई प्रयोग गरी गुलाफी झ्याल Rose window र घण्टाघर Bell tower रोमन शैलीमा बनेको रहेछ। यहाँ स्पेनी राज्यको उत्तराधिकारी सन्त कार्लिष्ट परिवारको गजुर (Chapel) र उनीहरूको चिहान पनि रहेछ। यहाँभित्रको कलाकृतिको कुरा गर्दा मोज्याकमा बनाइएको मेरी Our Lady of the Assumption को चित्रलाई विश्वविख्यात मानिदो रहेछ। वासिलकाभित्र करिब एक घण्टा बिताई हामी पैदलै रेलवेस्टेसन फर्की बिहानको ९:३० को रेल लिई साढे एघार बज्दा इटलीको अर्को शहर भेनिस आई दुलालजीलाई त्यहाँको सानमार्को स्क्वायर र पोन्ते दि रिआल्तो अवलोकन गराई साढे एक बजे हामी रेलबाट इटलीको औद्योगिक राजधानी मिलानोतर्फ लाग्यौं। ४ बज्दा हामी मिलानो आई त्यहाँको विश्वविख्यात डोम अवलोकन गर्नतर्फ लाग्यौं।

अगाडिबाट हेर्दा स्क्वायर यस्तो देखिन्छ

क्याथेड्रलको रोज विन्डो

माथिबाट हेर्दा बन्दरगाहसहितको स्क्वायर



माथिबाट हेर्दा पिरामिड शैली भनिने क्याथेड्रल

आलेख

इतिहासको कठघरामा केपी ओली-३

खगेन्द्र ढकाल

भूकम्प पूनःनिर्माण

२०७२ साल बैशाख १२ गते आएको महाभुकम्प ले नेपाललाई तहसनहस पाऱ्यो। गोरखाको वारपाक केन्द्र भएको उक्त भूकम्पले मध्य पहाडी क्षेत्रका ९ जिल्लाहरू ध्वस्त पाऱ्यो। ९ जिल्लामा सम्पूर्ण घरहरू भत्कीने, चर्किने वा ढल्कने गरी हल्लिए। भत्किएका घरहरू पुनर्निर्माण गर्ने काम तुरुन्त सुरु गर्ने घोषणा भयो तर कार्यान्वयन धेरै ढिला भयो। वर्षौं सम्म आफ्नो घर भत्किएर विस्तापित भएका परिवारहरू कठयाङ्ग्रिने चिसो र अत्यधिक गर्मी सहेर बस्न वाध्य हुनु पऱ्यो। अव्यावहारिक योजनाका कारण गरिब परिवार मात्र होइन आफ्नो घर आफै बनाई बस्न सक्ने परिवारहरू समेत वर्षौंसम्म बेघरवार हुनपर्ने परिस्थितिबाट गुज्रन पऱ्यो। ओलि सरकार गठन भए पश्चात सहयोग पाउन सक्ने परिवारले अनुदान दावी गर्नका लागी अन्तिम मिति तोकेर आह्वान गरेपछि मात्र भूकम्प पूनर्निर्माण कार्यक्रमले गति लियो। आवास निर्माणमा अघिल्लो चरणको निर्माण तोकिएको मापदण्ड अनुसार भए नभएको स्थानिय निकायबाट परिक्षण गरेपछि मात्र पछिल्लो चरणको अनुदान रकम निकास गर्ने प्रावधान लागु गरियो। यसरी धेरै ठूलो भूभागमा भएको महाभूकम्पको महाविनासको पूनर्निर्माण कार्यक्रमले साकार रुप लियो। यसै प्रकारले रानीपोखरी र दरवार हाइस्कूल जस्ता भग्नावशेष का रुपमा रहेका संरचनाहरू द्रुत गतिमा सम्पन्न भए।

भिमसेन थापाले नेपाल लाई आन्तरीक सुसासन र साम्राज्यवादी शक्तिबाट सन्तुलनमा राखेपछि नेपालको समृद्धि र स्वाभिमानको प्रतिकको रुपमा वि.सं १८३२ मा निर्मित ११ तल्ले धरहरा (भिमसेन स्तम्भ) १९९० को महाभुकम्पमा पूननिर्माण हुँदा ९ तल्ले भएकामा २०७२ सालको महाभुकम्पमा पहिलो तल्लाबाटै भाँचिएको थियो। धरहरा फेरि कहिले र कसरी पुनर्निर्माण होला भनि सर्वत्र चासाको विषय बन्यो। ठूलो धनराशी चाहिने उक्त पुनर्निर्माणका लागि बैदेशिक सहायता नलिई "मेरो धरहरा मै बनाउँछु" अभियान संचालन गरि आम सर्वसाधारण नेपाली नागरिक सँग सहयोग मागियो। फलस्वरुप २०७८ बैशाख ११ गतेका दिन तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले उदघाटन गरे। लिफ्ट बाट सबैभन्दा माथिल्लो तल्लाको बरण्डामा गई निर्माणको मुख्य काम सम्पन्न भएको र बाँकी रहेको छिटफुट काम यथासिघ्र सक्ने आश्वासन दिए।

राष्ट्रिय गौरवका आयोजना कार्यान्वयन

नेपालको विकासको प्रमुख आधारका रुपमा २४ वटा आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजना भनिएको छ जसलाई सरकार परिवर्तन भएपनि प्राथमिकता का साथ सम्पन्न गर्नुपर्ने प्रावधान राखिएको छ। तराई मधेस द्रुतगति मार्ग (फास्ट ट्रयाक), मध्य पहाडी लोक मार्ग (पुष्पलाल मार्ग), सिक्टा सिँचाई आयोजना, अपर तामाकोशी जलविद्युत आयोजना, गौतमबुद्ध अन्तरा{ष्ट्रिय विमानस्थल, पोखरा अन्तरा{ष्ट्रिय विमानस्थल, बुढीगण्डकी बहु-देशिय आयोजना इत्यादि लाई राष्ट्रिय गौरवका आयोजनाका रुपमा अघि सारिएको छ। हरेक सरकारले उक्त राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकताका रुपमा राखेर अघि वढाएको भनि घोषणा गरेको भनिएता पनि नियमित रुपमा स्थलगत निरिक्षण र कार्यप्रगतिको लक्ष्य भेटे नभेटेको मूल्याँकन गर्न सकिरहेको थिएन। यसै बिच केपी ओलीले राष्ट्रिय गौरवका प्रत्येक आयोजनाहरूले कम्प्यूटर बाट आफ्नै कार्य वक्षबाट} प्रत्यक्ष निरिक्षण गर्न सक्ने र मूल्याँकन गर्ने काम सुरुवात गरे जसबाट आयोजनाको गति तिव्र रुपमा अघि बढेको पाइएको छ।

मन्त्रालयको लक्ष्य निर्धारण

सामान्यतया मन्त्री परिषदको बैठक नियमित रुपमा बस्ने गरेको हुन्छ। यि मन्त्रीपरिषदको बैठकमा मन्त्रीहरूलाई आफ्नो मन्त्रालयको प्रगती विवरण प्रधानमन्त्री समक्ष पेश गर्ने गर्दछन्। ओली सरकार गठन भएपछि हरेक मन्त्रालयका वाषि{क, अर्धवाषि{क र त्रैमासिक लक्ष्यहरू निर्धारण गर्ने परम्परा सुरुवात भयो। तोकिएको अवधिमा सम्बन्धित मन्त्रालयले कति प्रतिशत लक्ष्य प्राप्त गर्न सके खुलस्त रुपमा सर्वसाधारण लाई जानकारी हुने गरी पत्र-पत्रिका र समाचारमा प्रशारण भएको देख्न पाइयो। यस कदमबाट हरेक मन्त्रालयलाई आफ्नो लक्ष्य प्राप्तीका लागि हर चनाखो हुने पर्ने कुरामा सम्बन्धित मन्त्री, कर्मचारी तथा आमनागरिकलाई सचेत बनायो।

मेलम्ची खानेपानी

दुङ्गेधारा र राणाकालिन खानेपानी

वितरण प्रणालीमा आधारित भई गुजारा गरिरहेका उपत्यकावासीहरूलाई मेलम्ची खोलाको पानी सुरुङबाट ल्याई सबैलाई वितरण गरिनेछ भनी सपना देखाइयो। मेलम्ची खानेपानी आयोजनाले काम सुरु गऱ्यो तर अत्यन्त सुस्त गतिमा। यति अवधि र यो मिति देखि वितरण सुरुवात हुन्छ भनेर घोषणा सुनिरहेका जनतामा यो आयोजना भोटको खेती मात्र हो भनि आपसमा कुरा काट्ने र निरासा मात्र बाँडने अवस्थाबाट गुज्रिरहेको बखत ओली सरकारले मिति तोकेरै द्रुत गतिमा काम सम्पन्न गर्ने जमर्को गऱ्यो र २०७७ चैत्र २० गते का दिन विधिवत उद्घाटन भयो। उदघाटन भएको तीन महिना नपुग्दै मेलम्ची क्षेत्रमा आएको अकल्पनिय र महाविनासकारी बाढिले संकलन स्थानको संरचना भताभुङ्ग हुनेगरि ध्वस्त पारिदियो। हाल उपत्यकावासीहरू मेलम्चीको पानी उपभोग गर्न फेरि वञ्चित भइरहेका छन्। यद्यपी एक पटक केही माहिनाका लागि भए पनि घरघरमा पानी वितरण भएको देखिसकेकोले भत्किएको उक्त संरचना पुनर्निमाण चाँडै हुनेछ र पानीको आपुर्ति हुनेछ भन्ने कुरामा उपत्यकावासीहरू ढुक्क छन्।

निर्माणमा तदारुकता

ओलि सरकार गठन भए पश्चात विकासको कोसेढुंगा सावित हुन सक्ने माथिल्लो तामाकोसी विद्युत जस्ता आयोजनाहरू सम्पन्न भए। एकैदिनमा २१० वटा बाटोहरू उद्घाटन गर्नुका साथै सबै ७५३ स्थानिय निकायमा अस्पताल भवनहरू सिलान्यास गर्ने जस्ता महत्वाकांक्षी कदम ओलि सरकारले चाल्यो। योजना स्थल र कार्यान्वयनको समुचित खाका तयार नगरी हचुवाको भरमा ढ्वाङ फुक्नका लागि मात्र प्रचार प्रसार गरियो भनि आक्षेप आइरहेको भएता पनि यस कदमले हरेक स्थानिय निकायलई आफ्नै इलाकामा यथासिघ्र सडक र अस्पताल निर्माणको काममा अग्रसर हुन झकझक्याएको छ।

उद्योग ग्राम र भ्यू टावर

हाल उद्योगको माध्यमबाट साना तथा गरिब राष्ट्रहरूले आर्थिक उन्नतीको मार्गमा छलाङ मारिरहेका छन्। भियतनाम, इन्डोनेशिया, मलेशिया, सिंगापुर र ताइ{वानहरू यसका ज्वलन्त उदाहरण हुन्। नेपालमा पनि विश्व बजारको माग अनुसार निर्यात गर्न सकिने उद्योगहरू स्थापित गर्ने परिकल्पनाका साथ झापाको दमकमा उद्योगग्रामको निर्माण गर्ने घोषणा ओलि सरकारले गऱ्यो। प्राथमिकताका साथ दिर्घकालिन रणनिति बनाई यस्ता उद्योगग्राम बनाई अन्तराष्ट्रिय स्तरका उत्पादन र उत्पादक कम्पनीलाई भित्र्याउन सकेमा मुलुकले छोटो समयमै फट्को मार्न सक्नेछ।

वर्तमान परिप्रेक्ष्यमा नगदेवाली खेती, ग्रामिण उत्पादनको बजारीकरण साथसाथै वैदेशिक रोजगारी बाट हुने रेमिट्यान्सको माध्यमबाट ग्रामिण र दुर्गम स्थानहरूमा समेत आर्थिक गतिविधि चलायमान भएका छन्। देश अब विकाशोन्मुख मुलुक तर्फ अघि बढ्दै यातायात, संचार, शिक्षा, विद्युत, इ{त्यादि क्षेत्रमा विकास गरिरहेको छ। "समृद्ध नेपाल, सुखी नेपाली" को नारालाई प्रतिकात्मक रुपमा दमकमा स्थापना भइरहेको भ्यू टावरले नेपालीको शानलाई उँचाई थप्नेछ।

कविता

बढाउ बेसरी बढाउ

● प्रेम ओली
(ढकलपुरे)

मलको भाउ बढाउ
फलको भाउ बढाउ
तरकारी भाउ बढाउ
सरकारी भाउ बढाउ
जनतालाई गर्लम्म लडाउ।

तेलको भाउ बढाउ
नचलेको रेलको भाउ बढाउ
चिया सेलको भाउ बढाउ
जनतालाई सुलिमा चढाउ।

जुसको भाउ बढाउ
घूसको भाउ बढाउ
भ्रस्टाचार बढाउ
अत्याचार बढाउ
जनता हाँसी हाँसी मर्न तयार छन्
महङ्गीको फाँसी चढाउ।

लोकतन्त्रका नाममा तिमीले जति अत्याचार गरे पनि
गणतन्त्रका नाममा तिमीले जति शोषण गरे पनि
यहाँ न प्रतिपक्ष बोल्छ न कोही बोल्छ
यस्ता कुराले न नेतालाई पोल्छ न पार्टीलाई पोल्छ
दुई चार दिन ती फिस्टे भातृ सङ्गठन बोल्ने हुन
तीनको अनुहारमा, यिनै भाउ बढाउनेहरूकै खोल छ।

बढाउ बेसरी बढाउ
जे जे सक्छौ बढाउ
तिम्रो भत्ता बढाउ
तिम्रो सत्ता बढाउ
बरु विकास घटाउ
राहात घटाउ
भत्ताले पुग्दैन भने लुगा लत्ता बढाउ
अझ सक्छौ भने वृद्ध भत्ता घटाउ।

जनता त यहाँ खप्न नसकेपछि
कोही पारितिर जालान्
कोही खाडीतिर जालान्
त्यत्रो पसिना बगाएपछि
एक छाक त कसो न खालान् ?

बढाउ बढाउ
सुनको भाउ बढाउ
नुनको भाउ बढाउ
घ्यूको भाउ बढाउ
बिउँको भाउ बढाउ
तिमीजस्तो सीमित मान्छे मिलेर
जनतालाई सुलीमा चढाउ।

यसरी बढाउ कि
जनतालाई महङ्गीको रापले डढाउ
खान नपाएर पुक्लुक्क पुक्लुक्क लडाउ
तिमीलाई के हुन्छ ?
महङ्गी बढ्यो भनेर
न तिम्रो श्रीमती रुन्छ
न तिम्रो छोराछोरी रुन्छ
रुन्छ त सर्वसाधारण रुन्छ।

राष्ट्रघाती एमसीसी पास नगर्न ध्यानाकर्षण

काठमाडौं। एमसीसी सम्झौता राष्ट्रिय हित र नेपाली जनताको हितमा नभएकोले संसदबाट पास नगर्न एक विज्ञप्ति प्रकाशित गर्दै अखिल नेपाल किसान महासंघले सबै पक्षसँग आग्रह गरेको छ। महासंघका अध्यक्ष बलराम बाँस्कोटाद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ-

'अमेरिकी निकाय मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता सम्पूर्ण किसान, मजदुर, बुद्धिजीवी, पेशागत क्षेत्र एवम् श्रमजीवी जागरुक नेपालीको पक्षमा छैन भनी नेपाली जनस्तरबाट अस्वीकृत भइसकेको सन्दर्भमा सरकारले २६ गते संघीय संसद बैठक बोलाएको र उक्त बैठकमा मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) पेस गर्नेबारे विभिन्न संचार माध्यमहरूमा समाचारहरू प्रकाशन भएको विषयमा अखिल नेपाल किसान महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

अखिल नेपाल किसान महासंघ यस सम्झौताले नेपालको सुरक्षा र राष्ट्रिय हितमा मात्र नभई दक्षिण एसिया र छिमेकी राष्ट्र समाजवादी चिनको समेत शान्ति सुव्यवस्थामा गम्भीर रुपमा आँच पुग्ने कुरालाई मध्यनजर गर्दै यो सम्झौता संसदमा पेस नगर्न सरकारसमक्ष माग गर्दछ। कथंकदाचित संसदमा पेस गरियो भने कुनै पनि हालतमा यसलाई पास नगर्न जनताद्वारा चुनिनुभएका माननीय सांसदज्यूहरूलाई अनुरोध गर्दछ। साथै राजनीतिक पार्टीका नेताहरूलाई यस राष्ट्रघाती सम्झौताको विपक्षमा उभिन तथा पास नर्गनको लागि ह्विप जारी गर्न अनुरोध गर्दछ।

सन् २०१७ मा नेपाल सरकारले अमेरिकी निकाय मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संग विद्युत प्रसारण र सडक विस्तार परियोजना निर्माणका लागि गर्ने लगानीका सम्बन्धमा द्विपक्षीय संझौता भएको र सन् २०१९ मा उक्त सम्झौता कार्यान्वयन गर्न तत्कालीन ओली सरकारका अर्थमन्त्री युवराज खतिवडाले अर्को अझ घातक सम्झौता गरी सम्झौता गरिएको विषय सार्वजनिक समेत नगरी षड्यन्त्रपूर्वक काम अगाडि बढाएको कुरा आम जनसमुदायलाई विदितै छ। संघीय लोकतन्त्रलाई सुदृढ गर्दै राष्ट्रियताको पक्षमा अग्रसर भइरहेको वर्तमान परिस्थितिमा देशी विदेशी प्रतिक्रियावादी र साम्राज्यवादीहरूबाट एमसिसिका नाममा भइरहेको षड्यन्त्रप्रति सजग हुन सम्पूर्ण जनसमुदायमा महासंघ हार्दिक अपिल गर्दछ।

साथै यो सम्झौताअनुसार नेपाल सरकार र एमसीसी कम्पनीको संयुक्त लगानीमा परियोजना संचालन हुने भएको हुँदा यो विषय संसदभित्र छलफल र अनुमोदन गर्ने विषय नभएको र यसलाई संसदबाट अनुमोदन गरिनुपर्ने विषय बनाई नेपालको संविधान र सार्वभौम संसदभन्दा माथि अमेरिकी कानुन र यसका प्रावधान लागू हुने व्यवस्था किमार्थ स्वीकार्य हुँदैन। नेपालले पंचशीलको सिद्धान्त र असंलग्न परराष्ट्र नीतिलाई अँगालेको सन्दर्भमा नेपाल कुनै सैन्य गठबन्धनमा संलग्नता हुने छैन। तर एमसीसी अमेरिकाको इण्डोप्यासिफिक रणनीति (आइपिस) को अंगको रुपमा रहने अमेरिकी रक्षामन्त्रालयले उल्लेख गरेबाट सैन्य गठबन्धनसंग सम्बद्ध विकास परियोजनामा नेपालको सहभागिता रहनु हुँदैन र यो नेपालको असंलग्न परराष्ट्र नीति विपरीत छ।

एमसीसी आयोजना नेपालको हीतमा नभएको र यसका प्रावधानहरूले नेपाल राष्ट्र र नेपाली जनताको सार्वभौम अधिकार र सम्प्रभुतामाथि प्रहार गरेको विभिन्न विज्ञ, कार्यदलहरू तथा छलफलहरूको निष्कर्षलाई स्मरण गर्दै हामी सरकार, सम्पूर्ण राजनीतिक पार्टीहरू, सांसदहरू लगायत नागरिक समाजलाई एमसिसि सम्झौतालाई व्यापक विरोध गर्न हार्दिक अपिल गर्दछौं।'

डुबेर मृत्यु

बारा। जितपुर सिमरा उपमहानगरपालिका-१७ जैतापुर घर भएका रामाकान्त यादबको छोरा ५ वर्षीय बिबेक यादबको आइतबार बेलुकी डुबेर मृत्यु भएको छ।

निजगढ नगरपालिका-७ लिचिटोलस्थित धाराको पानी जम्मा गर्न खनेको खाल्डो नजिक खेल्ने क्रममा अचानक उक्त खाल्डोमा डुबेर उनको मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

नियात्रा

स्मृतिको क्यानभास-५

✍ रामप्रसाद पन्त

स्वतन्त्रता पश्चात

(४) पिरकान्धी युद्ध सम्मान

सन् १९४८, जुनमा पुरी क्षेत्रको पिरकान्थी अन्तर्गत रहेको सामरिक दृष्टिले महत्वपूर्ण भू-भाग कब्जा गरेर दोस्रो बटालियनले गौरवपूर्ण सफलता प्राप्त गऱ्यो। सो कार्यका लागि उक्त बटालियनले पिरकान्थी (युरी क्षेत्रका लागि) युद्ध सम्मान प्राप्त गऱ्यो जुन स्वतन्त्रता पश्चात् कुनै पनि बटालियनलाई प्रदान गरिएको पहिलो युद्ध सम्मान हो।

(५) सिन्हो रिभर भ्याली युद्ध सम्मान

सन १९७१ को भारत-पाक युद्धको क्रममा गरेको फायरिङ्ग का लागि पाँचौं बटालियनको नामाकरण भयो। कार्गिल क्षेत्रको हाथिमाथा व्यापारिक भवन समेत दुष्मनका १३ वटा सैन्य युनिटलाई सो बटालियनले कब्जामा लिएपछि सम्पूर्ण युद्ध भूमिमा परेको सकारात्मक प्रभावको मूल्यांकन गर्दै पाँचौं बटालियन सिन्हो रिभर भ्याली र थिएटर सम्मान (जम्बु र कास्मिर १९७१) नाम दुईवटा युद्ध सम्मानबाट विभूषित भयो।

(६) युनिट साईटेसन पदक

तेस्रो गोर्खा राईफल बटालियनले जम्बु र कास्मिर क्षेत्रको अपरेशनमा आफ्नो आनुरुप्य क्षमता र पेशागत कौशल प्रदर्शन गऱ्यो। त्यसकारण दोस्रो बटालियनलाई अपरेशन मेघदुत (सन् २००३ र २०१५) का लागि दुईपटक, तेस्रो बटालियनलाई अपरेशन विजय (सन् १९९९) का लागि र पाचौं बटालियनलाई अपरेशन रक्षक (सन २००६) का लागि जनरल अफिसर कमाण्डर इन चिफको उत्तरी कमाण्ड युनिट साइटेसन पदक प्रदान गरियो।

(७) सबै जल्दाबल्दा सैनिक अपरेशन, जम्बु कास्मिर र उत्तरपूर्वी क्षेत्रमा भएका प्रतिविद्रोह अपरेशन तथा अपरेशन मेघदुतमा गोर्खा पल्टनले उत्कृष्ट एवं विशिष्ट ढंगले आफ्नो जिम्मेवारी निर्वाह गऱ्यो। अपरेशन विजयका क्रममा पहिलो, तेस्रो, चौथो एवं पाचौं बटालियनले क्रमशः कार्गिल, द्रास र बाटालिक क्षेत्रमा कर्मठ कौशल प्रदर्शन गरे। त्यसैगरी पहिलो र तेस्रो बटालियनले संयुक्त राष्ट्रसंघीय शान्ति मिशनमा रहेर क्रमशः रुवाण्डा (सन १९९४) र कंगो (सन २००८ र २००९) मा सेवा गर्ने अवसर पनि पाएका छन्।

(८) गोर्खा पल्टनले साहसिक एवं सर्वश्रेष्ठ खेलाडी पनि उत्पादन गरेको छ जो माउन्टेनियरिङ, फुटबल, बक्सिङ र हेण्डबल जस्ता खेलमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा विजेता बन्न सफल भएका छन्।

स्वर्गीय निमादोर्जे शेर्पा लगायत पाचौं बटालियनका केही सैनिकहरू त माउन्टेनियरिङ क्षेत्रका विख्यात व्यक्तित्वहरू नै जो सेवा अवधिभर २८ वटा सैन्य यात्रा/अभियानमा सहभागी भए। गोर्खा पल्टनद्वारा कुशल ढंगबाट सम्पन्न गरिएका सैनिक यात्राहरूमा हिमालयन ट्रेकिङ (८००० कि.मी.), माउण्ट पाँचचुली सैनिक यात्रा, पानहुरी सैनिक यात्रा र लियो पार्जिल सैनिक यात्रा प्रमुख हुन्। यस अतिरिक्त गोर्खा पल्टनले कराँते, किक बक्सिङ, धनुषबाँण, उषु जस्ता आधुनिक खेलहरूका राष्ट्रिय स्तरका प्रतियोगितामा पनि विजय हासिल गरिरहेका छन्।

(देहरादूनको खलङ्गामा अवस्थित नेपाल-अँग्रेज युद्ध स्मारक परिसरमा जडित शिलालेख)

युद्ध स्मृति स्तम्भ खलङ्गाको रणभूमिमा खडा गरिएको छ। खलङ्गा युद्धका क्रममा सन् १८१४ अक्टोबर-नोभेम्बरताका गोर्खाली सेना, महिला, बालबालिकाले प्रदर्शन गरेको पराक्रमी अदम्य साहस, युद्धप्रतिको उच्च लगाव र सर्वश्रेष्ठ बलिदानको यो स्मृतिस्तम्भ लिखित प्रमाण हो। सन् १८१४ अक्टोबरमा मेजर जनरल रोबर्ट रोलो जिलेस्पीको कमाण्डमा ठूलो मात्रामा तोप, गन लगायतका शस्त्रबाट सुसज्जित तिनवटा सैन्य डिभिजनका ३५ सय अँग्रेज सिपाहीहरूलाई खलङ्गा किल्लाको नालापानी कब्जा गर्ने जिम्मेवारी दिइएको थियो। उक्त किल्लाको प्रतिरक्षार्थ बलभद्र सिंह थापाका कमाण्डमा ५००-६०० जति संख्यामा रहेको नेपाली सेना (महिला, बालबालिका समेत गरी) तैनाथ थियो। जनरल जिलेस्पीको आगमनमा केही ढिलाई भएपछि उत्सुकता र साहसका साथ कर्णेल म्यावीले सन् १८१४ अक्टोबर २६ तारेखमा ठूलो विस्फोटन एवम् धमाका सहित उक्त किल्लामा पहिलो हमला गरे। थुप्रै सैनिकहरूको हताहतीका कारण भएको ठूलो नोक्सानीका बाबजुद पनि गोर्खाली सेना दृढतापूर्वक लडिरह्यो र दुष्मनलाई पछि हट्न बाध्य तुल्यायो। त्यसपछि जनरल जिलेस्पीले अँग्रेज फौजको कमाण्ड सम्हालेर आफ्नो सम्पूर्ण सामर्थ्य सहित दोस्रो हमला गरे। बलभद्र सिंह थापा र उनको कमाण्डमा रहेको महिला, बालबालिका लगायत गोर्खाली फौज आफ्नो भूमिमा अडिग भएर खडा रहँदै आफ्ना पुरातन हातहतियार, खुकुरी वाण, ढुङ्गामुढा सहित बहादुरीका साथ लडिरह्यो। उक्त भिषण बुथ्थम-बुथ्था लडाइँमा जनरल जिलेस्पी, उनका एडीसी क्याप्टेन ओहारा लगायत थुप्रै अँग्रेज सेनाहरू मारिए। नेपाली आक्रमणकारीहरूले दमन गरी थुप्रै अँग्रेजहरूलाई हताहत तुल्याउँदै पुनः एकचोटी अँग्रेज फौजलाई पछाडि धकेल्यो जसको कारण अँग्रेज फौजले थप मजबुदी र शक्ति सञ्चारको आवश्यकता महसुस गऱ्यो। गोर्खाली सैनिक, महिला, बालबालिका तथा साथमा रहेका गढवाल र कुमाउँबासीको अपत्यारिलो एवं अडिग साहसका कारण अँग्रेजहरूको तीन चोटीसम्मको हमलालाई पराजित गर्न बलभद्र सिंह थापा सफल भए। तर जब अँग्रेजहरूले नेपाली फौज रहेको किल्लामा पुग्ने पिउने पानीको मुहान नै बन्द गरेर पानी समेत पिउन नपाउने गरी एकदमै कठोर परिस्थितिको सिर्जना गरिदिए तब जिवित ७० जना सिपाहीहरू सहित सन १८१४, नोभेम्बरमा बलभद्र सिंह थापाले आफै युद्ध किल्ला खाली गरिदिए।

आग्रेज फौजद्वारा गरिएको हताहती

मृत्यु : (क) अफिसर–३१ (ख) अन्य दर्जा ७५०

घाइते (क) अफिसर–३५ (ख) अन्य दर्जा–१५००

खलङ्गा युद्धमा गोर्खा सैनिकहरूद्वारा प्रदर्शित अद्भूत साहस र उच्च वफादारीले ब्रिटिश अधिकारीहरूलाई यसरी प्रभावित तुल्यायो कि इतिहासकै एकमात्र उदाहरणका रुपमा विजयी सेनाले युद्धभूमिमा आफ्ना कमाण्डर जनरल जिलेस्पी र उनका जवानहरूको स्मृतिस्तम्भ सँगै आफ्ना दुष्मन (बलभद्र सिंह थापा र उनका साहसी गोर्खा सैनिकहरू) हरूको प्रशंसा गर्दै स्मृतिस्तम्भ निर्माण गऱ्यो। देहरादूनको सहस्त्रधारा रोडमा अवस्थित यी दुई स्मृतिस्तम्भ भारतको पुरातात्विक सर्वेक्षणको संरक्षणमा रहेका छन्। बलभद्र खलङ्गा विकास समिति खलङ्गा युद्धभूमि, नालापानी, देहरादून द्वारा बलभद्र तथा उनका साहसिक लडाकुहरूप्रति सम्मान गारथ।

(नालापानीको शिलालेखमा उल्लेख भए अनुसार)

राजा महेन्द्रको अपत्यारिलो अवसान

■ सुनिल उलक

माघ १७ गते राजा महेन्द्रको स्वर्गारोहण भएको पनि पचास वर्ष पूरा भयो । विभिन्न शंका उपशंका रहे पनि यो मृत्युको कुनै पनि छानबिन नै नगरीकन रहस्यमै छोडियो । स्वयं नव राजा विरेन्द्र पनि यो अपत्यारिलो देहावसानमा केही शंका गरिरहेका थिए । तर पछि चुपचाप हृदयघाटबाटै मृत्यु भएको स्विकार गरे ।

२०२८ साल माघ ३ गते साधारण अवस्थाका राजा महेन्द्र भरतपुरका लागि निस्किएका थिए । यो भ्रमण करिब एक महिनाको लागि तय गरिएको थियो । तर लामो समयसम्म दियालो बंगलामा बस्न पाएनन् । अचानक माघ १६ गतेको राति हृदयघाटले राती ११ बजे निधन भयो । तर भोलिपल्ट बिहान ३:४५ मा चिकित्सकबाट देहावसानको घोषणा भयो । तर यो मृत्यु रहस्यमय रह्यो । धेरैले धेरै किसिमका तर्कहरू प्रस्तुत गरे ।

राजा महेन्द्रका बारेमा केही चर्चा गरौं

आषाढ कृष्ण पक्ष नवमीको दिन वि.सं १९७७ जेठ ३० गते शुक्रबार नारायणहिटी राजदरबारमा कान्ती राज्यलक्ष्मीको कोखबाट जन्मनुभएका युवराज महेन्द्रको दुबै आमाहरू भारत सीतापुरबाट विवाह गरेर ल्याइएको हुँदा राणा परिवारसँग धेरै निकटता थिएन । त्यो समय राजा को थिए भन्दा पनि श्री ३ महाराजा को थिए भन्ने महत्वपूर्ण हुने समय थियो । तसर्थ महाराजा श्री ३ चन्द्रशम्शेरको प्रभुत्व रहेको समय थियो । युवराजको बाल्यकालमा दरबारभित्र नै शिक्षादीक्षाको प्रबन्ध मिलाइएको हुँदा खासै बाहिर पनि सम्पर्क हुँदैनथ्यो । शिक्षकको रुपमा किर्तिराज दलीले दरबारमै शिक्षा दिन थालेका थिए । साथै तुल्सीमान सिंह र मदनदेवले अंग्रेजी शिक्षा दिन थालेका थिए । अंग्रेजीका सुविख्यात कविका कविताहरू पढाउन थालेका थिए । भवनाथ पाण्डेलाई नेपाली साहित्य र संस्कृत अध्यापन गराउन लगाइयो । पण्डित दधिराम पनि दरबारमा पढाउन आइपुगेपछि दुबै मिलेर हितोपदेश, पञ्चतन्त्र तथा कालिदासको रघुवंश कण्ठस्थ बनाउन लगाइयो । बिस्तारै संगीततर्फ पनि रुचि देखाउन थालेपछि भुपालमान सिंहलाई शास्त्रीय संगीत सिकाउन लगाइयो । यसरी दरबारभित्रको सम्पूर्ण शिक्षाले सबै कुरामा पारंगत हुँदै गए ।

पञ्चतन्त्रले जीवनलाई दुई विपरीत किसिमले बुझ्न सिकायो । कसरी एकअर्कोमा सन्तुलन राख्न सकिन्छ भने बुझे । साथै जीवनमा विनम्र बन्न पनि सिकायो । कणिक नीतिका कथाहरू र शिक्षाहरूलाई बाल्यकालमा ध्यानसँग पढेका युवराजले आफ्नो राज्यकालमा राजनीतिक रुपले कणिक नीतिका नियमहरूको उपयोग गरेका थिए । कणिक धृतराष्ट्रका प्रमुख मन्त्री थिए, कणिकको सल्लाहमा नै धृतराष्ट्रले राज्य सञ्चालन गर्दथे । पाण्डवसँगको युद्धमा कणिकको सल्लाहमा नै कौरवहरूले कणिकको सल्लाह नै लिने गर्दथे । यसरी धृतराष्ट्रलाई कणिकले दिने सल्लाहलाई कणिक नीति भन्ने गरिन्छ । यसमा राजनीतिमा विरोधीसँग कसरी विजय गर्ने भन्ने सिकाएको छ । पछि राजा महेन्द्रले कणिक नीतिको आधारमा नै राज्य सञ्चालन गरेका थिए ।

घोडचढीमा सिपालु रहेका युवराजको लागि सानो घोडा नै राखिएको थियो । राजा महेन्द्र युवराज छँदै पनि उनको स्वभाव अलि भिन्न थियो । यस्तैमा युवराज महेन्द्र बिरामी भएपछि दरबारमा सुसारेको व्यवस्था पनि गराइएको थियो । दरबारमा सुसारेको रुपमा रुम्जाटारकी रम्बा गुरुङलाई ल्याइएको थियो । दरबारभित्र नै रहने हुँदा रम्बा गुरुङसँग निकट हुँदा गर्भवती बनाउन पुगे । दरबारमा जस्तो परिस्थिति भए पनि भ्रुणहत्या गरिँदैनथ्यो । जसले गर्दा रम्बालाई दरबारले ल्याइतेको रुपमा स्विकार गरियो । केवल १३ वर्षको उमेरमा नै महेन्द्र बाबु बने । रम्बाको नाम दरबारले गीता राखिदियो र ल्याइते सरहको अधिकार दियो । यसरी आमा छोरालाई सम्पूर्ण खर्चको व्यबस्था दरबारले गराइदियो तर राजपरिवारको सदस्यको अधिकारबाट भने बञ्चित नै राखे । गीताबाट जन्मिएका छोरा रवीन्द्र बाबु जस्तै गीतकार एवं कवि भएर निस्किए । तर उनले आमालाई भने हेरेनन् । दरबारले चार जना नोकरसहित बार्षिक खर्च र बस्नलाई बत्तिसपुतलीमा घर दिएको थियो । तर महेन्द्रको देहावसानपछि यो खर्चमा कटौती गरियो ।

यसरी दरबार भित्रकी सेविकासँग नै लसपस भेटिएपछि युवराजको विवाह श्री ३ जुद्धशम्शेरको नातिनी तथा हरिशम्शेरको छोरी इन्द्रराज्य लक्ष्मीसँग वि.सं. १९९७ वैशाख २६ गते गराइदिए । विवाहको दश वर्षपछि दिल्ली पलायन हुनु केवल दुई महिनाअगाडि युवराज धिरेन्द्रको जन्मको समय अत्यधिक रक्तश्रावले गर्दा युवराज्ञी इन्द्रको देहावसान भयो ।

युवराज्ञी इन्द्रसँगको विवाहपछि युवराज महेन्द्रले युवराज्ञी इन्द्रको सम्झनामा गोकर्णको जंगलभित्र सम्झना सदन बनाएका थिए । यदाकदा फुर्सद पायो भने सम्झना सदन पुग्दथे । युवराजले यसलाई शान्तिको आश्रयस्थल भन्दथे । यही बेला साली रञ्जना पनि दिदीको साथ पुग्दथे । अचानक दिदी इन्द्रको देहावसानपछि युवराज साली रञ्जनाको नजिक रम्न थाले । बाबुसँग निहुँ खोज्दै साली रञ्जनासँग विवाह गर्न जिद्धि गर्न थाले । बाबुले पहिलो विवाह तत्कालिन राणा श्री ३ जुद्धको नातिनीसँग गर्न बाध्य भए पनि देशमा प्रजातन्त्र आइसकेर राणाहरू अधिकारविहिन भइसकेको हुँदा राणासंग दोस्रो विवाह नगराउने ठानिसकेका थिए । भोलि राजा बन्नुपर्ने युवराजको लागि भारतकै कुनै रियासतकी राजकुमारीसंग विवाह गराउने सोचमा थिए बाबु त्रिभुवन । छोराको जिद्दीपछि राजा त्रिभुवनले पनि माहिला छोरा हिमालयलाई राजगद्दीका हकदारको रुपमा युवराज घोषणा गर्ने तयारी गर्न थालेका थिए । यता युवराज महेन्द्र पनि रञ्जनासंगको प्रेममा चुर्लुम्म डुबेर युवराजको पदबाट राजिनामा दिई साधारण जनता सरह रञ्जनासंग नै जीवन बिताउने ठानिसकेका थिए । बीचमा कांग्रेसका नेता विपीले राजा र युवराज दुबैलाई सम्झाएर राजा त्रिभुवनलाई

रञ्जना राणासंग विवाहको लागि मनाउन सफल भए । यसरी युवराजको दोस्रो विवाहमा राजी भए पनि पछि आउन सक्ने विवादको आकलन गरी दोस्रो विवाहपछि सन्तान पाउन नपाउने शर्त राखे । जसको लागि भनिन्छ विवाहपूर्व नै पाठेघर फ्याक्न लगाए । यो के कति सत्य हो भन्ने कुनै आधार नभए पनि विवाहपछि सन्तान नजन्माने शर्त भने रञ्जनाले स्विकार गरेका थिए । यसरी इन्द्रराज्य लक्ष्मीको देहावसानको दुई वर्षपछि २००९ मंसिर २५ गते कान्छी साली रञ्जना राणा (रत्न) संग विवाह गरे । राजा त्रिभुवन यस विवाहका लागि भित्रदेखि नै खुसी थिएनन् । तसर्थ युवराज महेन्द्रले यो विवाह साथीसंगी र भाइहरूको साथ बागदरवारबाट रत्नलाई सिधै नागार्जुन दरवारमा लगेका थिए । नारायणहिटी दरवारमा शुरुमा स्विकार गरिएन । हुन पनि पछि युवराज्ञी रत्नले दिदीका सबै सन्तानलाई आफ्नै सन्तान सरह हुर्काइन् ।

राजा त्रिभुवनको भारत निर्वासन

२००७ सालमा राजा त्रिभुवन भारतीय राजदुत सिपिएन सिंहको गलत मनसायमा फसेर भारतीय राजदुतावासमा शरण लिन पुगे । यस अगाडि राजा त्रिभुवनले नेपाली कांग्रेसलाई पाल्पा लगिदिन आग्रह गरेका थिए । पाल्पामा बसेर राणाशासनको अन्त्यको घोषणा गर्ने योजना थियो । तर कांग्रेस सधैं समयमा आवश्यक काम गर्न चुक्छ । हेलिकोप्टरको व्यवस्था गर्न ढिलाइ हुँदा राजा त्रिभुवन भारतीय राजदुतको चंगुलमा फस्दछ । यहीँ नै नेपालको सबैभन्दा ठूलो दुर्भाग्य थियो । यसपछि नेहरू आफ्नो षडयन्त्रमा सफल हुन्छ । नेहरूले न त राजा त्रिभुवनको साथ र विश्वास गरे । न त विपिलाई बलियो साथ र विश्वास गरे । नेपाललाई आफ्नो एक प्रान्तझैं व्यवहार गर्ने नेहरूले उत्तर प्रदेशका गृहसचिव गोविन्दनारायण सिंहलाई राजा त्रिभुवनको प्रमुख सल्लाहकारको रुपमा नेपाल पठाए । त्यो समयको नेपाल गजेटमा उनलाई दिइएको अधिकारको अध्ययन गर्दा ऊ नै सर्वेसर्वा थिए । अझ मातृका मन्त्रिमण्डलको समयमा त सरकारी उच्च तहका ३०० कर्मचारी भारतीय थिए । मातृकाले नेहरूको सल्लाहमा एनएम बुचको नेतृत्वमा एक आयोग गठन गरी उनकै सल्लाहमा प्रशासनिक सुधारका नाममा भारतीय कर्मचारीलाई नियुक्ति दिएको थियो । करिब ३ वर्षको नेपाल प्रवासमा उनले नेपालको सुरक्षा परिषदको एक बैठक दिल्लीमा राख्न पनि सफल भएका थिए । साथै नेपालको सैनिकहरूको संख्या घटाउन निकै ठूलो भूमिका खेलेका थिए । यो सबै बुझेका युवराज महेन्द्र मौकाको ताकमा थिए । राजा महेन्द्रले राजगद्दी सम्हालेपछि सबैभन्दा पहिले यिनै गोविन्दनारायण सिंहलाई भारत फिर्ता पठाए । तत्कालिन समयमा नेहरूले लेखेका पत्रहरूको चाङ नै अहिले पुस्तकका रुपमा आइसकेको हुँदा पनि नेहरूका तत्कालिन मनसायहरू अहिले सहजै पढ्न र बुझ्न सक्छौ ।

युवराज महेन्द्र राजा बनेपछि

उपचार गर्दागर्दै पनि २०११ फागुन ३० गते अचानक स्विटजरलैण्डमा राजा त्रिभुवनको देहान्त भयो । युवराज महेन्द्रको

काँधमा सिङ्गो राष्ट्रको बोझ आइपुग्यो, उनि राजा बने । देशमा राणाबाट मुक्तिपछि राजनीति गतिलोसंग गर्न जान्ने राजनेता जन्मिएको थिएन । एक अर्कोमा आक्षेप र खिचातानीमा नै समय बितिरहेको थियो । आफ्नो देशबाट राणाशासन हटाउनको लागि भारतको सहयोग लिएको हुँदा भारतले आफ्नो हैकम दरवारमा तथा राजनीतिक कार्यकर्ता बीचमा पनि बढाउन थालेको थियो । यसरी भारतको दबदबाको विरोधमा नयाँ राजा महेन्द्रले कदमहरू चाल्न थालिहाले । हुन त राजा त्रिभुवन जीवितै रहँदा पनि युवराज महेन्द्रले भारतको दबदबाको विरोधहरू गरी नै रहेका थिए । बाबु राजा हुने समयमा नै भारतको विशेष गरेर नेहरूको नीतिको विरोध गर्दै आएका राजा महेन्द्रले आफ्नो शासनकालमा अझ बढी भारत तथा नेहरूकै उपेक्षा गर्न थाले । विकासको लागि विश्व भ्रमण गर्न थाले । विभिन्न देशसँग सहयोगको लागि आह्वान गर्न थाले ।

राजगद्दी सम्हालेको ५ महिनामा नै वि.सं. २०१२ साउन १७ गते चीनसँग दौत्य सम्बन्ध कायम गरेर भारतको प्रभावलाई केही मत्थर गर्ने कोसिस गरेका थिए । शासन सम्हालेको एक वर्षभन्दा कम अवधिमा नै वि.सं. २०१२ असोज २२ मा पहिलो पञ्चवर्षीय योजनाको घोषणा गरेका थिए । तथा वि.सं. २०१२ मंसिर २९ मा नेपालले संयुक्त राष्ट्र संघको सदस्यता पाएको थियो । यसरी राजगद्दी सम्हालेको पहिलो साल नै दलहरू बीचको सामञ्जस्य बढाउने प्रयासको थालनी पनि गरिसकेका थिए । २०१३ वैशाख २० गते भएको राजा महेन्द्रको शुभराज्याभिषेक नेपालमा विश्वका प्रमुख कुटनीतिज्ञहरूको पहिलो जमघट हो । यस शुभराज्याभिषेक समारोहले नेपाललाई विश्वभर चिनाउन मद्दत गरेको थियो । यस समारोहमा पहिलो पटक नेपालले विश्वभरका राजनेतालाई विशेष किसिमले स्वागत तथा सत्कार गर्ने अवसर पाएको थियो ।

देशमा प्रजातन्त्र आगमनपछिको राजनीतिक घटनाक्रमलाई राम्ररी नियाल्ने हो भने त्यसबेलाका राजनीतिक दलहरू सक्षम भइनसकेको आभास हुन्छ । यस बीच मातृकाप्रसाद कोइराला दुई पटक प्रधानमन्त्री बने तर अन्य प्रधानमन्त्रीहरू लामो समय टिक्न सकेनन् वा भनौं टिक्न दिएनन् । वि.सं. २००७ सालदेखि २०१७ सालको बीचमा दलीय राजनीति निकै तल्लो स्तरको थियो । दाजुभाइ नै मिल्न सकेनन् दुबैलाई मिलाउन कांग्रेसी कार्यकर्ता भारतका नेतालाई गुहार्नसम्म पुगे ।

देशमा प्रजातान्त्रिक सरकार बनेपछि राजा लामो विदेश भ्रमणमा निस्केका थिए । विश्व राजनीतिलाई नजिकबाट नियालेर फर्केका राजाले राष्ट्रिय आमचुनावबाट बनेको बिपी सरकारलाई पनि अपदस्थ गरिदिए । देशमा रहेका राजनीतिक आस्था भएकाहरूको सधै यही गुनासो रहने गर्दछ, 'किन राजाले जननिर्वाचित सरकारलाई अपदस्थ गरिदिए' ।

देशका जनतासँग प्रत्यक्ष संवादको थालनी पश्चिम नेपालबाट गर्दा बाटोघाटोको अप्ठ्यारो महसुस गरी २०१८ मा पूर्व–पश्चिम राजमार्गको उद्घाटन गर्न पाउँदा राजा सबैभन्दा बढी खुसी भएका थिए । हुन पनि यस राजमार्गको निर्माणले पूर्वदेखि पश्चिमसम्मका नेपालीले आफ्नो देश सहजै चिन्न पाएका थिए ।

भनिन्छ त्रिभुवन विश्वविद्यालय बनाउने समयमा देशको ढुकुटीमा रकम अभाव हुँदा मुमा बडामहारानी कान्ती र ईश्वरीको गहना बेचेका थिए । राजकाजको समय कतिपय कठोर निर्णयहरू पनि भए होलान । जसलाई केही वर्गले सहजै स्विकार गर्न सकेनन् । तर समग्रमा राजा महेन्द्रले चालेका कतिपय कदमहरू राजा वीरेन्द्रले अगाडि बढाउन सकेनन् । राजा वीरेन्द्र धेरै नरमवादी थिए तर राजा महेन्द्र समय अनुकुल बन्थे । कहिले कठोर कहिले नरम भएर आवश्यक कदम चाल्थे ।

जननिर्वाचित सरकारलाई अपदस्थ गरिदिएपछि भारत अझै राजा महेन्द्रसँग चिढिए । विभिन्न उद्योगहरूको स्थापनाको लागि चीन तथा रुसको सहयोग लिए । नेहरूले विरोध गरिरहे तर महेन्द्रले आफ्नो गति रोकेनन् । यसरी भारतले महेन्द्रको आफ्नो नेपालप्रति दमनको नीतिको विरोधीको रुपमा लिन थाले । नेपाली कांग्रेसले सधै भारत आफ्नो हितमा रहेको ठानिरहे तर नेहरूले कहिल्यै वीपीप्रति सहयोगी र सद्भाव राखेनन् । राजा महेन्द्रको १७ सालको कदमको भित्री रुपमा सहयोग नेहरूको पनि थियो । दुई दिनअगाडि मात्र भारतीय सेना प्रमुख ठिमैया नेपाल भ्रमणमा रहनु र १७ सालको कदमपछि जननिर्वाचित प्रधानमन्त्री जेल कोचिएपछि भारतको संसदमा नेहरूले बोल्ने क्रममा एक सांसदले नेपालका राजालाई धन्यवाद र बधाई दिनुपर्छ सम्म भनेका थिए । साथै ठिमैयाको पक्षमा नेहरूले भनेका थिए, "उनी सम्मानको कार्यक्रममा पुगेका थिए तर अचानक राजाले यस्तो कदम चाले । यसमा ठिमैया अथवा भारतको कुनै साथ र सहयोग थिएन ।' तर अनौठो संयोग

वा योजना थियो त्यसबेला । राजाले प्रजातान्त्रिक सरकार अपदस्थ गरिरहँदा भारतीय राजदुत हरिश्वर डोयाल, भारतीय सेना प्रमुख जनरल ठिमैया र नेपालका सैनिक प्रमुख निरशम्शेर चितवनमा थिए । पुस १ गतेको बिहानै राजा महेन्द्रले जनरल ठिमैयाको हात नेहरूलाई सम्पूर्ण जानकारी सहितको पत्र पठाएका थिए । तर नेहरूले सो पत्र पुस ४ को बिहान मात्र पाए । पछि राजासंगको भेटमा नेहरूले वीपी सरकार मात्र अपदस्थ गरेर संसद भंग नगरेको भए हुने भनेका थिए भनिन्छ ।

राजाको रुपमा महेन्द्रले खासै लामो समय शासन गर्न पाएनन् । पुरा १७ वर्ष पनि शासन गर्न पाएका थिएनन् । तर पनि छोटो अवधीमा पनि धेरै काम गरेर देखाएका थिए । शायद यो अवधीमा नेपालमा जुन किसिमको विकासका पूर्वाधारहरू बने । यसले पछिसम्म विकासका लहरहरू नै चले । गाउँ गाउँमा पुगेर गाउँलेका झुप्रामा पुगेर उनीहरूको दुःख सुन्ने परिपाटी उनले शुरु गरेका थिए । जुन पछि राजा वीरेन्द्रले पनि नियमित गरे ।

वि.सं. २०२८ माघ ३ गते लामो छुट्टी मनाउने उद्देश्यले चितवन लागेका थिए । प्रधानमन्त्री किर्तीनिधी विष्टलाई माघ महिनाको मन्त्रीपरिषदको बैठक दियालो बंगलामा नै गर्ने पनि जानकारी दिएका थिए । साथै राजा यो छुट्टीमा देशको निकाशको लागि केही गहन निर्णय गर्ने मनसायले विचारविमर्श गर्न पनि एकान्त खोज्दै थिए । चितवन जाँदा उनमा कुनै पनि किसिमको शारीरिक समस्या थिएन । साधारण अवस्थामा छुट्टीमा चितवन पुगेका राजा केही दिन आफूलाई व्यस्त राख्न शिकारमा पनि गएका थिए ।

वि.सं. २०२६ सालमा राजा महेन्द्रले राजधानी बाहिर नेपालकै मध्य भाग पर्ने गरी महेन्द्र राजमार्ग नजिकै शितकालिन दरबारको रुपमा दियालो बंगला बनाएका थिए । यो दरबार धार्मिक रुपले पनि महत्वपूर्ण देवहरूको भूमि देवघाटमा बनाइएको थियो । चारकोशे झाडीको जंगलको एक भाग भित्र जीवनको उज्यालोको आशाको स्वरुप बनाइएको थियो दियालो बंगला ।

२०२८ सालको असोज १९ गतेदेखि २९ गतेसम्म रौटहट र बारा जिल्लामा धार्मिक दंगा भएको थियो । यसपछि नेपालका जनजातिका अगुवाहरूको रुपमा खड्गबहादुर गुरुङ, नरबहादुर गुरुङ, खगेन्द्रजंग गुरुङ, योगी नरहरीनाथ लगायत थुप्रैसंग इन्दिरा गान्धीले भेट गरेका थिए । देशमा जातीय द्वन्द्वको तैयारी इन्दिरा गान्धीले गराउन चाहेको भनक पाएका थिए, राजा महेन्द्रले । जुन बेला भारतको राजधानी दिल्लीमा नेपालका जातीय अगुवाहरू इन्दिरा गान्धीसंग गोप्य छलफलमा व्यस्त थिए । त्यही समय नै चितवनमा राजा महेन्द्रको देहान्त भएको थियो । नेपालमा पहिलो पटक भएको जातीय दंगामा ५१ व्यक्तिको हत्या भएको थियो भने १८७४ घर जलाइएको थियो । यसको पीडा पनि राजा महेन्द्रलाई गहिरोसंग लागेको थियो ।

यस्तैमा माघ १० गते दियालो बंगलामा नै भएको मन्त्रीपरिषदको बैठकमा पनि भारतपरस्त एक दुई मन्त्रीबाट केही विरोधका आवाजहरू आएका थिए । राजाले छलफलका लागि अर्को बैठक माघ १७ मा बोलाएका थिए । दलविहिन राजनीतिमा लागेको १० वर्ष भइसकेको हुँदा पनि देशमा बहुदलीय व्यवस्थाको आवश्यकताको अनूभुति राजाले गरिसकेका थिए । बहुदलीय व्यवस्थामा नेतृत्व भने बिपीलाई नै दिनुपर्छ भन्नेमा राजा निश्चिन्त थिए । राजाको आगामी योजना र नेतृत्वको आह्वान सहितको पत्र बोकेर श्रीभद्र शर्मा बिपी निर्वासन रहेको सारनाथ गइसकेका थिए । यसको जानकारी मन्त्रीमण्डलकै एक सदस्यले गोप्यरुपमा भारतलाई जानकारी पठाइएको आशंका गरिएको थियो । वास्तवमा भारत अझै पनि बिपीको नेतृत्व चाहदैनथ्यो । यस्तैमा माघ १७ को अर्को बैठक बस्नै नसकिने गरी राजा महेन्द्रको देहान्त भयो ।

राजा महेन्द्रको समयमा नै किर्तिनिधी विष्टको सरकारले गरेको चीनिया नाका नजिकै रहेको भारतीय चेकपोस्टहरू हटाएको थियो । २०२६ साल साउन १० गते राष्ट्रिय पंचायतको बैठकबाट संकल्प प्रस्ताव पारित गराई हिमाली नाकामा रहेका १७ भारतीय चेकपोस्ट, त्यहाँ रहेको वायरलेस अपरेटर तथा सैनिक तुरुन्त हटाउन लगाइएको थियो । यसबाट इन्दिरा गान्धी सरकार राजा महेन्द्रप्रति निकै रुष्ट भएको थियो । साथै किर्तिनिधी विष्टले १९५० को सन्धिको कुनै औचित्य नरहेको भन्ने बक्तव्य समेत दिएका थिए । राणाशासन अझै केही समय टिकाउन मद्दत गर्ने लोभ देखाइ नेहरूले मोहनशम्शेरलाई १९५० को सन्धिमा हस्ताक्षर गर्न लगाएका थिए । तर पछि नेहरूले नत राणालाई सहयोग गरे नत विपी र त्रिभुवनलाई नै सहयोग गरे । सबैलाई लोभ देखाउँदै आफ्नो स्वार्थ पूरा गरिरहे ।

शुरुमा सिक्किमलाई भारतमा गाभ्ने र त्यसपछि भारतले नेपालको तराई क्षेत्रलाई टुक्राउने योजना बनाएका थिए । सन १९६८ मा भारतीय जासुसी संस्था 'र' को गठन भएको थियो । यसका प्रमुखका रुपमा आरएन काओ नियुक्त भएका थिए । काओ भारतीय जासुसको रुपमा परिचित भइसकेका थिए । जसले गर्दा काओ विभिन्न षडयन्त्रमा अगाडि बढे । तराई टुक्राउने भनक पाएका राजा महेन्द्रले तुरन्तै भारतीय चेकपोस्टहरू हटाउन लगाएका थिए । अचानक राजाको निधन भयो । उता भारतले सिक्किमलाई भारतमा विलय गरी छाडे । काओ नेपालको तराई टुक्राउने योजनामा अगाडि बढ्दै थिए । अचानक भारतीय राजनीतिमा आन्तरिक समस्या बल्झियो जसले गर्दा इन्दिरा गान्धीले इमर्जेन्सी लगाउन बाध्य भए । सबै राजनीतिक कृयाकलाप तथा अन्य योजनाहरू सबै रोकिए । काओको नेपालको तराई टुक्राउने योजना पनि टुहियो । जसले गर्दा नेपाल एउटा ठूलो संकटबाट बच्यो । अझै पनि भारत नेपालको तराई टुक्राउने योजनामा नै रहेको देखिन्छ । काओसंगको कुराकानीका आधारमा एके यादवले आफ्नो पुस्तक 'मिसन र' मा यसको उल्लेख गरेका छन् ।

यी त भए षडयन्त्रका हुनसक्ने कारणहरू । राजा महेन्द्रको केही समस्या स्वास्थ्यको पनि थियो । २०२४ सालमा पहिलो पटक हृदयघाट भएपछि बेलायतमा उपचार भएको थियो । वि.सं. २०२७ माघ १७ गते शिकारको क्रममा कञ्चनपुरमा बाघलाई ताकेर हानिएको गोली ढुङ्गामा ठोकिइ उछिटिदा छर्राले रानी रत्नलाई चोट लागेको थियो । रानी रत्नको उपचार त्यसबेला नेपालमा नै गरिएको थियो । शाही चिकित्सक मेजर जनरल शुशिलचन्द्र हल्डरको विशेष निगरानीमा उपचार भएको थियो । यस घटनाले पनि राजा महेन्द्रमा गहिरो चोट पुगेको थियो । वि.सं. २०२६ सालमा पनि शिकारकै क्रममा कञ्चनपुरको हरैयामा बाघलाई गोली प्रहार गर्दा गोली बाघमा नलागि उल्टै बाघले राजालाई आक्रमण गर्न लाग्दा नजिकै रहेका सुरक्षाकर्मीले बाघलाई गोली हानेर मारेका थिए । बाघको अप्रत्याशित आक्रमणको त्रासले राजा अचानक बेहोस भएका थिए । यसपटक भारतीय चिकित्सकहरूले नै उपचार गरेका थिए ।

सामान्य अवस्थामा माघ ३ गते दियालो बंगला पुगेका राजा महेन्द्रलाई तेस्रो पटक माघ १६ गते राती हृदयघाट भएको भनियो । जसको कारणले १७ गतेको बिहान ३:४५ मा निधन भएको जानकारी गराइयो । तर विवरणहरू अनुसार भने राजा महेन्द्रको उपचारका लागि भारतीय चिकित्सक एमएल भाटिया पनि आएका थिए । यदि एमएल भाटिया पनि उपचारमा संलग्न थिए भने राजा महेन्द्रलाई ब्यथाले केही दिनअगाडि नै समाएको हुनुपर्छ । शाही चिकित्सक सुशिलचन्द्र हल्डरले उपचार गरेका थिए । रानी रत्नको समेत उपचार गरेका हल्डर सेनाका चिकित्सक थिए । सेनामा उपरथी (मेजर जनरल) रहेका उनलाई रानी रत्नको सफल उपचारको लागि अति सुविख्यात सेवालंकार समेत दिइएको थियो । उनका साथै अर्का शाही चिकित्सक सच्चेकुमार पहाडी तथा मृगेन्द्रराज पाण्डे पनि खटिएका थिए । यसरी स्वदेशी बिशिष्ट चिकित्सकले उपचार गरिरहेको समयमा एम्सका प्रख्यात चिकित्सक एमएल भाटियालाई बोलाइयो । उनको उपस्थिति नै धेरैलाई प्रश्नचिन्ह राख्ने ठाउँ बन्यो । उनको आगमनपछि नै राजाको देहान्त हुँदा उपचारमा लापरवाही वा षडयन्त्र भएको धेरै आशंका भयो ।

डाक्टर भाटिया एम्समा पहिलो पटक पेसमेकर प्रत्यारोपण गर्ने चिकित्सक हुन् । सन १९६५ बाट पेसमेकर प्रत्यारोपण मात्र गर्दै थिए । तसर्थ कतै दियालो बंगलामा सिमित स्रोत र साधनका बीच पनि उनले अप्रेशन गर्ने कतै प्रयास त गरेनन् । जसको कारणले राजा महेन्द्रको देहान्त भयो । यदि राजा महेन्द्र गम्भीर हृदयघाटबाट पीडित थिए भने किन तत्कालै सुविधा सम्पन्न अस्पतालमा लगिएन । किन दियालो बंगलामा नै उपचार गर्ने असफल प्रयास भइरह्यो ।

अर्को प्रसंग जोन कोपम्यानको पनि आउने गर्दछ । उनको विवादास्पद भनाइ आएको थियो, राजा महेन्द्रलाई हृदयघाट हुँदा कोपम्यान र राजा दुइजना संगै थिए । उनले नै शाही डाक्टरलाई तत्कालै बोलाएका थिए । जोन कोपम्यानलाई कतै कतै सिआइएको एजेन्टको रुपमा पनि उल्लेख गर्ने गरिएको देखिन्छ । यदि यसो हो भने जोन कोपम्यान राजा महेन्द्रसंग एकान्तमा ह्विस्कीमा रम्नुको कारण के थियो । साथै राजा महेन्द्रको देहावसान पछि कोपम्यानले नेपाल सदाको लागि छोडेर गए ।

जोन कोपम्यान अचानक २०२९ सालमा नेपालबाट पलायन भए । उनले चलाइरहेको होटल टाइगर टपको जिम्मा उनले जिम एडवर्डसलाई दिएका थिए । २०२१ साउन २० गते राजा महेन्द्रको विश्वासपात्रको रुपमा जोन भर्नान कोपम्यानले होटल टाइगर टप चलाउन १५ वर्षको लागि चितवनको जंगलको बीचमा रहेको १७० एकड जमिन होटल सञ्चालनको लागि तथा जंगलको १००० वर्गमाइल क्षेत्र अन्य प्रयोजनका लागि लिएका थिए । जोन कोपम्यानले आफ्ना दुई लगानीकर्ताको रुपमा अमेरिकी राज्य डल्लासका हर्वर्ट डब्लु क्लेन र टोडी लि विन्ने जुनियरलाई लिएका थिए । तर १५ वर्षको लागि होटल सञ्चालनको जिम्मा लिएका कोपम्यान राजाको देहावसानपछि जिम एडवर्डसलाई जिम्मा लगाएर नेपालबाट बाहिरिए ।

राजा महेन्द्रले आफ्नो छोटो शासनकालमा सबैभन्दा बढी मुलुकको भ्रमण गरेर कुटनीतिक फाइदा लिए । देशको विकासका लागि विभिन्न देशबाट सहयोग पाएका थिए । उद्योग कलकारखानाहरू खुलेका थिए । क्रमशः बाटाहरूले पनि एक अर्को शहरलाई जोड्दै थियो । त्यति बेला ती उद्योग कलकारखानामा रहेका कर्मचारी तथा मजदूरहरू राष्ट्रमुखी सोच राख्ने थिए । नेपाल स्वतन्त्र राष्ट्र नै होइन भनेर संयुक्त राष्ट्र संघको सदस्यताको लागि नेपालले गरेको अनुरोधमा भिटो लगाउने रुसले राजा महेन्द्रको भ्रमणपछि थुप्रै उद्योग तथा सडकमा सहयोग गरे ।

अहिलेको तुलना गर्यो भने नेपालका नेताहरू व्यक्तिमुखी तथा दलमुखी हुन पुगे । जसले गर्दा सीमित व्यक्ति त सम्पन्न भए तर समग्र देश सम्पन्न हुन सकेन । जबसम्म देशका दलहरू र दलका अगुवाहरू राष्ट्रमुखी हुँदैनन् । केवल आफ्ना र दलको स्वार्थमा नै केन्द्रित रहन्छन् । देशले कुनै गतिशिल निकास पाउँदैन । तसर्थ अहिलेको देशको राजनीतिक परिस्थितिको निकासको लागी कुनै नयाँ कदम छिट्टै आओस भन्ने अपेक्षा गरौं ।

प्रेरक

सिफारिसभन्दा गुणको कदर



एकपटक रुसी लेखक लियो टल्स्टायलाई उनका एक साथीले भने, 'मैले तिम्रोमा एक साथीलाई कामका लागि पठाएको थिएँ । उसँग प्रतिभाका धेरै प्रमाणपत्र थिए । तर तिमीले उनलाई रोजेनौ । मैले सुनेको छु, तिमीले त्यो पदका लागि जुन व्यक्तिलाई रोजेका छौ, उसँग यस्तो प्रमाणपत्र थिएन । उसमा कुन त्यस्तो गुण थियो, जसका लागि तिमीले मेरो सिफारिसको उपेक्षा गऱ्यौ ?'

टल्स्टायले हाँस्दै भने, साथी जसलाई मैले रोजेको छु, उसँग अमूल्य प्रमाणपत्र छैन । उसले मेरो कोठामा आउनुअगाडि अनुमति माग्यो । भित्र छिर्नुअगाडि खुट्टा ढोकामा राख्यो ताकि बन्द हुँदा अचानक ठूलो आवाज नआओस् । उसका लुगा साधारण थिए, तर सफासुग्घर थिए । उसले बस्नुअगाडि कुर्सी सफा गऱ्यो । उसमा आत्मविश्वास थियो । उसले मेरा धेरै प्रश्नको ठीक र सन्तुलित जवाफ पनि दिइरहेको थियो । मेरो प्रश्न समाप्त भएपछि ऊ अनुमति लिएर उठ्यो र चुपचाप गयो । उसले कुनै प्रकारको चाप्लुसी या आफूलाई छान्नका लागि सिफारिस ल्याएको थिएन । यिनै गुण र उसका व्यक्तित्वबाट म प्रभावित भएँ । यी यस्ता प्रमाणपत्र थिए, जुन धेरै कम मानिससँग हुन्छन् । व्यक्तिमा व्यावहारिक ज्ञान र अनुभव हुनुपर्छ । यस्तो गुणले सम्पन्न मानिससँग यदि लिखित प्रमाणपत्र नभए पनि कुनै समस्या हुँदैन । तपाईं नै भन्नुस्, मैले उसको छनोट गरेर ठीक गरें या गलत ?' टल्सटायको जवाफ सुनेपछि साथी निरत्तर भए ।

साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

मेष

प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् । पहिले गरेका कामबाट प्रशस्त लाभ हुनेछ । उठ्नुपर्ने रकम हातलागी हुनेछ । कृषि, पशुपालन तथा व्यापारमा प्रशस्त फाइदा हुने समय छ । आवश्यक भौतिक साधन जुट्नेछन् । श्रमको उचित मूल्य प्राप्त हुनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।

वृष

मिहिनेतको फल प्राप्त हुनाले काममा उत्साह जाग्नेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ । दाम र प्रतिष्ठा कमाउने बेला छ । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । प्रयत्न गर्दा महत्त्वपूर्ण वस्तु लाभ होला । सहयोगीहरूले हिम्मत दिलाउनेछन् । तर साइनो गाँस्नेहरूले भने धोका दिन सक्छन् ।

मिथुन

कामको मेसो नमिल्दा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला । समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला । सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ । लक्ष्यमा पुग्न समय लाग्नेछ । मेहनतको फल अरूलाई सुम्पनुपर्ने हुन सक्छ ।

कर्कट

गोपनीयता बाहिरिनाले पनि केही समस्या आइपर्ला । काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । समस्या दर्साउँदा सहयोगीको साथ जुट्नेछ । कामको चाप बढ्नेछ । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्याउनुहोला । चुनौतीको सामना गर्नुपर्ला । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । मन खिन्न हुने स्थिति आउनेछ । बन्न लागेको काम बिग्रनसक्छ ।

सिंह

समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ । विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । स्वास्थ्यका लागि आहारविहारमा ध्यान पुर्याउनुहोला । विगतका कमजोरीमा क्रमशः सुधार आउनेछ । लगनशीलताले उपलब्धि दिलाउनेछ । काम पूरा नभए पनि लाभ हुनेछ । व्यापार-व्यवसायमा पनि सामान्य फाइदै हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

कन्या

चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ । ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ । मिहिनेतले काममा पनि सफलता नै दिलाउनेछ । प्रयास गर्दा समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । रोग तथा शत्रुबाट सजग रहनुहोला । प्रतिस्पर्धाको दौडमा जित हासिल हुनेछ ।

तुला

परिस्थिति सोचेजस्तो नहुनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ । अवसर प्राप्त भए पनि मेसो नमिल्नाले काममा ढिलासुस्ती हुनेछ । प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । संघर्षले कर्मयोग अघि बढ्नेछ । अध्ययनमा धेरै समय जुट्न नसकिएला । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुहोला । परिस्थितिले स्वतन्त्र काममा समेत बाधा पुर्याउन सक्छ ।

वृश्चिक

अरूको फाइदाका लागि उपयोग भइनेछ भने परिस्थिति आफ्ना लागि अलि प्रतिकूल बन्न सक्छ । छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ । हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ । आवेशको व्यवहार र सानो असमझदारीले आफन्तजन टाढिन सक्छन् ।

धनु

पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन् । अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले सफलताको उचाइमा पुर्याउनेछ । आस गरेको नतिजा भने सकारात्मक नहुन सक्छ ।

मकर

परिस्थितिवश आफ्नै वचनबद्धता पालना गर्न नसकिएला । धेरै बोल्दा समस्या आउन सक्छ । द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ । अरूको भरपर्दा काम प्रभावकारी नहुन सक्छ । हिसाबकिताबमा सजग रहनुहोला । सानोतिनो समस्या आए पनि नियमित काम बन्नेछ । आलोचकहरूलाई व्यवहारले समेट्नुहोला । अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला ।

कुम्भ

पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । मिहिनेतले मानसम्मान दिलाउनेछ । बोली र विचारका प्रशंसकहरू बढ्नेछन् । बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । पहिलेका कमजोरी सच्याउने अवसर पनि प्राप्त हुनेछ ।

मीन

भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ । सुरक्षाका लागि फाइदाका वस्तु त्याग्नुपर्ला । कर्जामार्फत धन र आवश्यकताका वस्तु जुटाउन सकिनेछ । तत्काल फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला । आफ्नो मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् । केही दौडधुप गर्नुपरे पनि कामको अवसर प्राप्त हुनेछ । सरसापट र सहयोगमा केही नगद बाहिरिने देखिन्छ । मनोरञ्जनमा खर्च बढ्नेछ ।

अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Aberrant = भ्रमपूर्ण, As the data used are of aberrant nature, we simply doubt the validity of your project proposal तथ्यांकहरू भ्रमपूर्ण प्रकृतिको प्रयोग भएको हुँदा हामीलाई तपाईंको परियोजना प्रस्तावको वैधतादेखि सिधै शंका छ ।

Banal = उस्तै लाग्ने, नयाँपन नहुने वा मौलिकता नभएको वा चाख नलाग्दो, The comics hatched by him seem banal as it lacks originality मौलिकताको अभावमा उसको प्रहसनमा कुनै नयाँपन छैन ।

Cacophonous = सुर नमिल्दो The orchestra presented by the students last night was cacophonous हिजो बेलुकी विद्यार्थीहरूले प्रस्तुत गरेको संगीत प्रस्तुतिमा प्रयोग भएका बाजाहरूको सुर एक अर्कासँगको समन्वयमा थिएनन् ।

Daunt = तर्सिनु, He was daunted by his father's intention to adopt an orphan एक टुहुरोलाई धर्मपुत्र बनाउने आफ्नो बाबुको उद्देश्य देखेर ऊ तर्सियो ।

Ebullient = उत्तेजना वा बढी चाख प्रदर्शन गर्नु, Being an inquisitive child, his ebullient nature can not be repressed जे कुरा पनि थाहा पाउनुपर्ने किसिमको बच्चा भएको हुँदा उसको हरेक कुरामा चाख देखाउने बानी नियन्त्रण गर्न सकिँदैन ।

Facetious = ठट्टा गर्ने, हँसाउने, खिल्ली उडाउने किसिमको, She is serious and does not like if someone deals her with facetious way तिनी ज्यादै गम्भीर छिन्, कसैले सस्तो ठट्टा गर्ने किसिमले व्यवहार गरेमा मनपराउँदिनन् ।

Gainsay = नकार्नु, No one can gainsay the fact that he was honest ऊ इमानदार छ भन्ने तथ्यलाई कसैले पनि नकार्न सक्दैन ।

Harangue = प्रभावशाली र गतिलो भाषण, He is well known for his lenghty harangue लामो, प्रभावशाली र गतिलो भाषणका लागि ऊ प्रख्यात छ ।

Iconoclastic = मान्दै आएको परम्परालाई आक्रमण गर्ने प्रवृत्ति Even in modern time the followers of one religion are iconoclastic towards other's tradition आजको आधुनिक युगमा पनि एक धार्मिक समूहले अर्कोको परम्पराप्रति आक्रमण गर्ने प्रवृत्ति कायम छ ।

Jaunty = आफ्नै तालको, सोझो र आत्मविश्वास भएको, He is liked by almost of his friends for his jaunty style अरुको कुरामा चाख नदेखाउने, सोझो र आत्मविश्वासी भएको हुँदा उसका सबैजसो साथीले उसलाई मनपराउँछन् ।

Apply बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Apply in person = उपस्थित भई निवेदन गर्नु You do not need to apply in person, do it online तिमी आफैं उपस्थित हुनु पर्दैन अनलाइन निवेदन गर्दा हुन्छ ।

Apply to sombody = कसैलाई निवेदन दिनु You should apply to the publisher if you want to publish in the daily यो दैनिक समाचारपत्रमा लेख छाप्ने हो भने तिमीले प्रकाशकलाई निवेदन दिनुपर्छ ।

Apply for something = केही कुराको लागि आग्रह गर्नु We should not apply for permission to reprint this poem हामी यो कविता पुनः छाप्ने हो भने अनुमतिको लागि आग्रह गर्नु पर्दैन ।

Apply by letter = पत्रमार्फत आवेदन दिनु Interested person for the position can apply by letter यो पदका लागि इच्छुक व्यक्तिले पत्रमार्फत आवेदन गर्न सक्छन् ।

Apply onto something = दल्नु Apply this ointment onto swelling part यो मलहम सुन्निएको ठाउँमा दल ।

Apply to somebody = लाग्नु These rules do not apply to VIPs यो नियम धेरै महत्वपूर्ण व्यक्तिहरूलाई लाग्दैन ।

Apply pressure = दबाब दिनु Parties in street are applying pressure to the government not to endorse the treaty सडकमा सीमित राजनीतिक दलहरूले सन्धि अनुमोदन नगर्न सरकारलाई दबाब दिइरहेका छन् ।

Apply economic sanction to = आर्थिक नाकाबन्दी गर्नु The American and its followers are applying economic sanction to North Korea अमेरिका र यसका पिछलग्गु राष्ट्रहरूले उत्तरकोरियामाथि आर्थिक नाकाबन्दी लगाइरहेछन् ।

Apply oneself to = आफैंलाई गर्न लगाउनु If you want to pass the examination apply yourself to hard work जाँचमा पास हुन चाहन्छौ भने आफूलाई कडा परिश्रम गर्न लगाऊ ।

सुडोकु-अंक २४८

	७	३				५	१	
६				५				२
२		५	७		१	४		९
			९		२			
		१				९		
			५		३			
८		२	३		५	७		१
१				८				३
	६	४				८	२	

अंक २४७ को नतिजा

९	२	६	३	८	१	७	४	५
७	१	३	२	५	४	६	९	८
५	४	८	९	७	६	१	२	३
२	५	७	६	३	८	९	१	४
८	३	१	४	९	२	५	७	६
४	६	९	५	१	७	८	३	२
३	७	४	१	६	५	२	८	९
६	८	२	७	४	९	३	५	१
१	९	५	८	२	३	४	६	७

समाचार

सवारी दुर्घटनामा मृत्यु

काठमाडौं । भक्तपुर, सूर्यविनायक नगरपालिका-९, नलिनचोकस्थित सडकमा बसले मोटरसाइकललाई ठक्कर दिँदा भक्तपुर नलिनचोक बस्ने दोलखा गौरीशंकर गाउँपालिका-५ डाँडागाउँ घर भएका ४० वर्षीया गंगा बस्नेतको मृत्यु भएको छ । उनको भक्तपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । उदयपुर, त्रियुगा नगरपालिका-१ रुपनीस्थित सडकमा ट्याक्टर पल्टिएर दुर्घटना हुँदा सत्य नारायण चौधरीका १० वर्षीय छोरा नितेष चौधरीको मृत्यु भएको छ । उनको जिल्ला अस्पताल गाईघाटमा उपचारको क्रममा मृत्यु भएको हो । सर्लाही, ईश्वरपुर नगरपालिका-१२ बाँके जंगलस्थित सडकमा बसले मोटरसाइकललाई ठक्कर दिँदा २७ वर्षीय भक्त बहादुर खड्काको घटनास्थलमै मृत्यु भएको छ ।

म्याग्दी, रघुगगा गाउँपालिका-४ दग्नाम असिना भिर भन्ने स्थानमा ट्याक्टर दुर्घटना हुँदा रोल्पा सुनछहरी गाउँपालिका-३ घर भएका १८ वर्षीय नरजित घर्ति मगरको मृत्यु भएको छ । उनको बेनी अस्पताल म्याग्दीमा उपचारको क्रममा मृत्यु भएको हो । वीरगञ्ज महानगरपालिका-१२ परवानीपुर पुलमा मोटरसाइकल पिकअप गाडीमा ठक्कर खाई दुर्घटना हुँदा सोही महानगरपालिका-४ पिपरा बस्ने २४ वर्षीय राहुल पटेलको मृत्यु भएको छ । उनको स्पर्स मल्टी अस्पताल वीरगञ्जमा उपचारको क्रममा मृत्यु भएको हो ।

बर्दिया, बढैयाताल गाउँपालिका-३ सतपतियास्थित भित्री सडकमा टिपरको ठक्करबाट सोही ठाउँ बस्ने २ जनाको राति मृत्यु भएको छ । ठक्करबाट सोही ठाउँ बस्ने ४५ वर्षीय सोम बहादुर बिकको घटनास्थलमै र गम्भीर घाइते भएका ४५ वर्षीय रामु थारुको नर्सिङ होम नेपालगंजमा उपचारको क्रममा मृत्यु भएको हो । तनहुँ, बन्दिपुर गाउँपालिका-१ बेलभ्न्याडस्थित सडकमा ट्रक र मोटरसाइकल दुर्घटना हुँदा चालक ब्यास नगरपालिका-५ बस्ने २२ वर्षीय अनिल बाचेमगर र मोटरसाइकलमा सवार सोही ठाउँ बस्ने २१ वर्षीय बिकास बिकको घटनास्थलमै मृत्यु भएको छ ।

चितवन, भरतपुर महानगरपालिका-१२ बसन्तचोकस्थित सडकमा ट्रक दुर्घटना हुँदा चालक सर्लाही लालबन्दी नगरपालिका बस्ने ४० वर्षीय मेघराज खत्रीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको भरतपुर अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । मकवानपुर, हेटौंडा उपमहानगरपालिका-३ लेवटस्थित सडकमा बलेरो गाडी दुर्घटना हुँदा चालक काठमाडौं बालाजु नयाँबजार बस्ने ४० वर्षीय शिव कार्कीको मृत्यु भएको छ । उनको चुरेहिल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

प्युठान, माण्डवी गाउँपालिका-३ स्याउलीघारीस्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा सोही गाउँपालिका माझिबांड बस्ने १७ वर्षीय किरण खनालको मृत्यु भएको छ । उनको जिल्ला अस्पताल प्युठानमा उपचारको क्रममा मृत्यु भएको हो । कञ्चनपुर, भिमदत्त नगरपालिका-३ स्थित सडकमा स्कुटर दुर्घटना हुँदा सोही ठाउँ बस्ने ४५ वर्षीय पुरन चौधरीको मृत्यु भएको छ । उनको महाकाली प्रादेशिक अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो ।

मृत अवस्थामा फेला

काठमाडौं । काठमाडौं, बुढानिलकण्ठ नगरपालिका-१२ कपन आदर्शचोक डेरा गरी बस्ने सोलुखुम्बु साबिक छेस्काम गाविस-७ घर भएका ३६ वर्षीय भिम कुलुङ आफ्नै कोठामा मंगलबार मृत अवस्थामा फेला परेका छन् । दाङ, तुलसीपुर उपमहानगरपालिका-६ स्थित मानव सेवा आश्रममा बस्ने हाल एकिन नाम, थर नखुलेकी चौधरी आमा बताउने करिब ७० वर्षीया महिला सोही आश्रममा मंगलबार मृत अवस्थामा फेला परेकी छिन् ।

झापा, भद्रपुर नगरपालिका-८ बस्ने ६५ वर्षीय श्री शर्मा सोही ठाउँस्थित रेडक्रसको भवनमा मंगलबार मृत अवस्थामा फेला परेका छन् । नवलपरासी(पूर्व) कावासोती नगरपालिका-१३ गैरीस्थित भित्री सडकमा सोही ठाउँ बस्ने ५२ वर्षीय माधव प्रसाद गिरी मंगलबार मृत अवस्थामा फेला परेका छन् । उक्त स्थानमा ना.२ ह ६१७३ नम्बरको अटो सडकको छेउमा वेवारिसे अवस्थामा रहेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीले उक्त अटोको अगाडिको भागमा क्षति भएको र अटो रहेको स्थान नजिकै अटोका चालक गिरीको शव फेला पारेको हो । पर्सा, वीरगंज महानगरपालिका-१४ चिनीमिल आवास क्षेत्रभित्र पानी ट्याङकी मुनी हाल नाम, थर, वतन नखुलेका अन्दाजी २७ वर्षीय पुरूष मंगलबार मृत अवस्थामा फेला परेका छन् ।

काठमाडौं महानगरपालिका-२२ खिचापोखरी डेरा गरी बस्ने भारत पश्चिम बंगाल घर भएका ६० वर्षीय प्रशान्त सरकार आफ्नै कोठामा सोमबार मृत अवस्थामा फेला परेका छन् । बैतडी, दोगडाकेदार गाउँपालिका-२ मल्ला गाउँ बस्ने ४५ वर्षीया चन्द्रा महरा सोही ठाउँ सोतेखोला नजिकैको पसलभित्र सोमबार मृत अवस्थामा फेला परेकी छिन् । सोमबार बिहान बारिमा बाखा चराउन गएकी उनी घरफर्कि नआएपछि खोजी गर्ने क्रममा उक्त पसलमा उनको शव फेला परेको हो । धादिङ, सिद्धलेक गाउँपालिका-१ माझ नलाङस्थित सडकको नालामा सोही ठाउँ बस्ने ३६ वर्षीया साबित्री भट्ट सोमबार मृत अवस्थामा फेला परेकी छिन् । कञ्चनपुर, भिमदत्त नगरपालिका-९ बनसमिति बस्ने ५० वर्षीय पदम ऐरीको घरमा सोमबार राति आगलागी हुँदा सोही आगलागीमा जलेर ऐरीको मृत्यु भएको छ । ताप्न बालेको आगो काठले बनेको कच्ची घरमा सल्किएर आगलागी हुँदा सुतिरहेका उनको उक्त आगलागीमा जलेर मृत्यु भएको बताइएको छ ।

भोजपुर, षडानन्द नगरपालिका-१ सोमबारेस्थित जुम्ला कनकासुनदरी गाउँपालिका-५ घर भई कपडा बेच्दै हिड्ने ४२ वर्षीय तोप बहादुर बढुवाल आइतबार मृत अवस्थामा फेला परेका छन् । सोही नगरपालिका-१ बस्ने नरेन्द्र राईको घरमा बस्दै आएको उनी शनिबार साँझ खाना खाई हिडेकोमा कोठामा फर्कि नआएपछि खोजी गर्ने क्रममा उक्त स्थानमा उनको शव फेला परेको हो ।

झापा, बिर्तामोड नगरपालिका-१० बस्ने ४६ वर्षीय गणेश मर्डी सोही ठाउँ पश्चिम कदमचोकस्थित भित्री सडकको होमपाईपमा आइतबार मृत अवस्थामा फेला परेका छन् । खोटाङ, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१३ नुनथला खाम्ला टोल बस्ने २७ वर्षीय गौरव राई आफ्नै घर नजिक सडकमा आइतबार मृत अवस्थामा फेला परेका छन् । शनिबार घरबाट हिँडेका उनी घर फर्की नआए पछि खोजी गर्ने क्रममा उक्त स्थानमा उनको शव फेला परेको हो । पाँचथर, फिदिम नगरपालिका-१ चारखम्बे बस्ने ६८ वर्षीया शुसिला तामाङ सोही नगरपालिका-२ तालखर्कस्थित ठाडे खोल्सामा आइतबार मृत अवस्थामा फेला परेकी छिन् । गत मंगलबारदेखि हराई रहेकी उनको खोजी गर्ने क्रममा उक्त स्थानामा शव फेला परेको हो ।

यस्तै सर्लाही, बागमती नगरपालिका-३ धरहरास्थित उखुबारीमा सोही ठाउँ बसी ज्याला मजदुरीको काम गर्ने भारत घर भएका ३५ वर्षीय पवन राम आइतबार मृत अवस्थामा फेला परेका छन् । अछाम, मेल्लख गाउँपालिका-२ डाँडासिरी खार्पाटा रातामोला खोला नजिक सोही गाउँपालिका सानखेत बस्ने ३४ वर्षीय हंश बुढा आइतबार मृत अवस्थामा फेला परेका छन् । सप्तरी, राजबिराज नगरपालिका-८ भलुवाही खोलामा माटोको बोराले थिची राखेको अवस्थामा आइतबार नवजात शिशुको शव फेला परेको छ ।

प्रहरी भवन निर्माण गर्दै लगिने : प्रहरी महानिरीक्षक थापा

गोरखा । प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले आगामी दिनमा प्रविधिमैत्री एवम् सुविधा सम्पन्न प्रहरी भवनहरू निर्माण गर्दै लैजाने प्रहरी संगठनको नीतिलाई कार्यान्वयन गर्दै लगिने बताउनुभएको छ ।

जिल्ला प्रहरी कार्यालय गोरखा परिसरमा नवनिर्मित कार्यालय भवन, हिरासत, कार्यालय प्रमुख निवास, प्रहरी कर्मचारीहरूको लागि व्यारेक भवन, मेस भवन र सिनियर अधिकृत आवास भवनको आइतबार आयोजित एक कार्यक्रमबीच उद्घाटन गर्दै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले उक्त कुरा बताउनुभएको हो ।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले नवनिर्मित भवनहरूको प्रयोग गरी प्रहरी कर्मचारीबाट गुणस्तरीय प्रहरी सेवा सञ्चालन गर्न सहज हुने अपेक्षा व्यक्त गर्नुभयो । प्रतिकूलताको बिचमा अनुकूलता ल्याउने मुख्य दायित्व प्रहरीको भएकोले आम नागरिकलाई पारदर्शी र प्रभावकारी प्रहरी सेवा प्रदान गर्न उपस्थित प्रहरी कर्मचारीहरूलाई उहाँले निर्देशन दिनुभयो ।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले तल्लो तहका प्रहरी कर्मचारीहरूको वृत्ति विकास र सुविधालाई बिशेष ख्याल गरेर लैजाने प्रतिबद्धता व्यक्त गर्दै ऐतिहासिक जिल्ला गोरखामा कार्यरत प्रहरी कर्मचारीहरूबाट गुणस्तरीय प्रहरी सेवा सहित प्रहरी पेशालाई मर्यादित र स्वाभिमानको पेशाको रुपमा अंगिकार गर्नुपर्ने तथा नागरिकहरूबाट पनि प्रहरी कार्यमा सहयोग र समन्वय गर्न आवश्यक भएको उल्लेख गर्नुभयो ।

110th birth anniversary of President Kim Il Sung and 80th birth anniversary of Chairman Kim Jong Il

will be celebrated with splendor

Pyongyang, January 20 (KCNA) -- The Political Bureau of the Central Committee of the Workers' Party of Korea (WPK) convened its 6th Meeting of the 8th Central Committee at the office building of the Party Central Committee on January 19 to discuss and decide immediate work and important policy issues of the Party and the state.

Kim Jong Un, general secretary of the WPK, was present at the meeting.

Attending the meeting were members of the Presidium of the Political Bureau of the C.C., WPK and members and alternate members of the Political Bureau of the Party Central Committee.

The respected Comrade **Kim Jong Un** presided over the meeting.

The meeting first discussed the issue of celebrating with splendor the 110th birth anniversary of President **Kim Il Sung** and the 80th birth anniversary of Chairman **Kim Jong Il** (the Day of the Sun and the Day of the Shining Star).

To most auspiciously and significantly celebrate the Day of the Sun and the Day of the Shining Star this significant year is the bounden duty and moral obligation of the descendents of the President and the soldiers and disciples of the Chairman and also the boundless honor and pride of our people who have struggled, remaining faithful to the cause of the President and the Chairman.

No holidays are more significant than the Day of the Sun and the Day of the Shining Star for our Party and people struggling to carry forward and accomplish the revolutionary cause of the President and the Chairman under the uplifted banner of great Kimilsungism-Kimjongilism. The very existence of our dignified Party and state is unthinkable without the immortal exploits left by the President and the Chairman in the glorious course of the Korean revolution.

The meeting called for making the Day of the Sun and the Day of the Shining Star this historic year important political occasions of further cementing the firm faith of our people to carry forward and accomplish the revolutionary cause of Juche pioneered and led by the President and the Chairman under the guidance of the Party to the end, and also of demonstrating before the world the high enthusiasm and revolutionary mettle of all the Party members and other people to glorify the decade of Juche 110 as the annals of victors bringing about the overall development of our style socialism.

The Political Bureau of the Party Central Committee gave detailed assignments to the organs of the Party and the state to celebrate with splendor the 110th birth anniversary of the President and the 80th birth anniversary of the Chairman as the great festivals of victory and glory to shine long in the annals of the country.

The meeting adopted a resolution of the Political Bureau of the WPK Central Committee "On celebrating with splendor the 110th birth anniversary of the Great Leader Comrade **Kim Il Sung** and the 80th birth anniversary of the Great Leader Comrade **Kim Jong Il**".

6th Political Bureau Meeting of 8th C.C., WPK Held

Pyongyang, January 20 (KCNA) -- The Political Bureau of the Central Committee of the Workers' Party of Korea (WPK) convened its 6th Meeting of the 8th Central Committee at the office building of the Party Central Committee on January 19 to discuss and decide immediate work and important policy issues of the Party and the state.

Kim Jong Un, general secretary of the WPK, was present at the meeting.

Attending the meeting were members of the Presidium of the Political Bureau of the C.C., WPK and members and alternate members of the Political Bureau of the Party Central Committee.

The respected Comrade **Kim Jong Un** presided over the meeting.

The meeting first discussed the issue of celebrating with splendor the 110th birth anniversary of President **Kim Il Sung** and the 80th birth anniversary of Chairman **Kim Jong Il** (the Day of the Sun and the Day of the Shining Star).

To most auspiciously and significantly celebrate the Day of the Sun and the Day of the Shining Star this significant year is the bounden duty and moral obligation of the descendents of the President and the soldiers and disciples of the Chairman and also the boundless honor and pride of our people who have struggled, remaining faithful to the cause of the President and the Chairman.

No holidays are more significant than the Day of the Sun and the Day of the Shining Star for our Party and people struggling to carry forward and accomplish the revolutionary cause of the President and the Chairman under the uplifted banner of great Kimilsungism-Kimjongilism. The very existence of our dignified Party and state is unthinkable without the immortal exploits left by the President and the Chairman in the glorious course of the Korean revolution.

The meeting called for making the Day of the Sun and the Day of the Shining Star this historic year important political occasions of further cementing the firm faith of our people to carry forward and accomplish the revolutionary cause of Juche pioneered and led by the President and the Chairman under the guidance of the Party to the end, and also of demonstrating before the world the high enthusiasm and revolutionary mettle of all the Party members and other people to glorify the decade of Juche 110 as the annals of victors bringing about the overall development of our style socialism.

The Political Bureau of the Party Central Committee gave detailed assignments to the organs of the Party and the state to celebrate with splendor the 110th birth anniversary of the President and the 80th birth anniversary of the Chairman as the great festivals of victory and glory to shine long in the annals of the country.

The meeting adopted a resolution of the Political Bureau of the WPK Central Committee "On celebrating with splendor the 110th birth anniversary of the Great Leader Comrade **Kim Il Sung** and the 80th birth anniversary of the Great Leader Comrade **Kim Jong Il**".

The meeting heard a report analyzing the current situation around the Korean peninsula and a series of international issues and discussed the orientation for countermeasures against the U.S. for the future.

Also communicated to the participants were the U.S. recent moves of recklessly faulting for no reason the just exercise of the DPRK of its sovereignty.

In the last few years alone after the DPRK-U.S. summits the U.S. held hundreds of joint war drills which it committed itself to stop and conducted tests of all kinds of strategic weapons, while shipping ultra-modern attack means into south Korea and nuclear strategic weapons into the region around the Korean peninsula, seriously threatening the security of our state.

The U.S. viciously slurred our state and committed the foolish act of taking over 20 independent sanctions measures. Especially the present U.S. administration persists in maneuvers to deprive the DPRK of its right to self-defense.

All the facts clearly prove once again that the hostile policy towards the DPRK will exist in the future, too as long as there is the hostile entity of U.S. imperialism.

Assessing that the hostile policy and military threat by the U.S. have reached a danger line that cannot be overlooked any more despite our sincere efforts for maintaining the general tide for relaxation of tension in the Korean peninsula since the DPRK-U.S. summit in Singapore, the Political Bureau of the Party Central Committee unanimously recognized that we should make more thorough preparation for a long-term confrontation with the U.S. imperialists. It concluded to take a practical action to more reliably and effectively increase our physical strength for defending dignity, sovereign rights and interests of our state.

The meeting of the Political Bureau reassigned the policy tasks for the national defence of immediately bolstering more powerful physical means which can efficiently control the hostile moves of the U.S. against the DPRK getting ever more serious day by day. It gave an instruction to a sector concerned to reconsider in an overall scale the trust-building measures that we took on our own initiative on a preferential ground and to promptly examine the issue of restarting all temporally-suspended activities.

The decision of the meeting is a timely and rightful measure for reliably guaranteeing the existence and sovereign rights of our state in view of the urgent requirements of the developing revolution under the prevailing situation.

The meeting fully demonstrated the revolutionary will and indomitable spirit of the WPK to uphold President **Kim Il Sung** and Chairman **Kim Jong Il**, the eternal suns of Juche and sacred images of socialist Korea, in high esteem forever and to build an independent and dignified powerful country on this land without fail.

Orientation for Countermeasures against the U.S. for the future

Pyongyang, January 20 (KCNA) -- The Political Bureau of the Central Committee of the Workers' Party of Korea (WPK) convened its 6th Meeting of the 8th Central Committee at the office building of the Party Central Committee on January 19 to discuss and decide immediate work and important policy issues of the Party and the state.

Kim Jong Un, general secretary of the WPK, was present at the meeting.

The meeting heard a report analyzing the current situation around the Korean peninsula and a series of international issues and discussed the orientation for countermeasures against the U.S. for the future.

Also communicated to the participants were the U.S. recent moves of recklessly faulting for no reason the just exercise of the DPRK of its sovereignty.

In the last few years alone after the DPRK-U.S. summits the U.S. held hundreds of joint war drills which it committed itself to stop and conducted tests of all kinds of strategic weapons, while shipping ultra-modern attack means into south Korea and nuclear strategic weapons into the region around the Korean peninsula, seriously threatening the security of our state.

The U.S. viciously slurred our state and committed the foolish act of taking over 20 independent sanctions measures. Especially the present U.S. administration persists in maneuvers to deprive the DPRK of its right to self-defense.

All the facts clearly prove once again that the hostile policy towards the DPRK will exist in the future, too as long as there is the hostile entity of U.S. imperialism.

Assessing that the hostile policy and military threat by the U.S. have reached a danger line that cannot be overlooked any more despite our sincere efforts for maintaining the general tide for relaxation of tension in the Korean peninsula since the DPRK-U.S. summit in Singapore, the Political Bureau of the Party Central Committee unanimously recognized that we should make more thorough preparation for a long-term confrontation with the U.S. imperialists. It concluded to take a practical action to more reliably and effectively increase our physical strength for defending dignity, sovereign rights and interests of our state.

The meeting of the Political Bureau reassigned the policy tasks for the national defence of immediately bolstering more powerful physical means which can efficiently control the hostile moves of the U.S. against the DPRK getting ever more serious day by day. It gave an instruction to a sector concerned to reconsider in an overall scale the trust-building measures that we took on our own initiative on a preferential ground and to promptly examine the issue of restarting all temporally-suspended activities.

The decision of the meeting is a timely and rightful measure for reliably guaranteeing the existence and sovereign rights of our state in view of the urgent requirements of the developing revolution under the prevailing situation.

The meeting fully demonstrated the revolutionary will and indomitable spirit of the WPK to uphold President Kim Il Sung and Chairman Kim Jong Il, the eternal suns of Juche and sacred images of socialist Korea, in high esteem forever and to build an independent and dignified powerful country on this land without fail.

जनमत...

गरेलगत्तै पुग्ने प्रहरीले अवरोध हटाइरहेको मधेश प्रदेशका प्रहरी प्रवक्ता एसपी तुलबहादुर कार्कीले बताएका छन् । उनले अवरोध हटाउने क्रममा सिरहाबाट १० र धनुषाबाट १० जना गरी २० जना कार्यकर्तालाई पक्राउ गरिएको जानकारी दिएका छन् ।

जनमत पार्टीले किसानमाथिको दमन बन्द गर्नुपर्ने, किसान र आन्दोलनकारीमाथि लगाइएका झुटा मुद्दा फिर्ता गर्नुपर्ने, समयमा मलखाद र बीउबिजनको व्यवस्था, सिँचाइको व्यवस्था, सिंचाइको बिजुली निःशुल्क, हावाहुरी र वर्षाले भएको बालीनाली क्षतिबापत तत्काल राहत, किसानको समस्या समाधानका लागि मन्त्रिस्तरीय वार्ता समिति गठन गर्नुपर्ने लगायतका माग राखेर आन्दोलन गर्दै आएको छ ।

मलद्वारमा...

साहको साथबाट प्रहरीले सुनको औँठी र सिक्री गरेर ५० ग्राम सुन बरामद गरेको थियो । परियारले पनि ५० ग्रामको बेरुवा औँठी ल्याएका थिए । त्यस्तै, प्रहरीले ४ वटा आइफोन समेत बरामद गरेको छ । थप अनुसन्धानको लागि प्रहरीले बरामद सुन र मानिस भन्सार कार्यालयलाई बुझाएको छ ।

गठबन्धनलाई...

अमेरिकी स्वार्थसँग बाझिएमा परियोजना अलपत्र पारेर फर्किने ढोका पनि खोल्न चाहेको छ । त्यसैगरी सम्झौता लागू भएपछि नेपालको कानुनसँग बाझिएमा सम्झौताका सर्तहरू मान्य हुने, नेपालको कानुन निष्क्रिय हुने प्रावधान छ । यो कानुनले नेपाललाई घोषित रूपमा अमेरिकाको घोषित उपनिवेश बताउँछ ।

विश्व र नेपालको हालसम्म प्रचलित धार्मिक, पर्यटन, व्यापार, कूटनीतिक दाताहरू तथा विकासे संस्थाहरूले नेपालको संविधान र प्रचलित कानुनको अन्तरमा रहेर काम गर्नुपर्छ । त्यसको बर्खिलाफ भएमा जुनसुकै देशको संस्था वा व्यक्तिले सोही देशको कानुनअनुसार दण्डको भागिदार हुनुपर्छ । त्यसैगरी नेपाल सरकारले एमसीसीमा कुनै नियन्त्रण र नियरानजी गर्न पाउने छैन । यो प्रावधानमा टेकेर अमेरिकाले नेपाली जनता र छिमेकी विरुद्ध गतिविधि गर्न सक्छ । यो प्रावधान नेपालको असंलग्न परराष्ट्र नीति प्रतिकूल छ । विकासका योजनाहरू छनोट गर्दा भारत सरकारको पूर्व स्वीकृति लिनुपर्ने प्रावधान रहेको छ । यो प्रावधानले नेपाललाई भारतको विस्तारित नयाँ राज्यको स्तरमा झार्छ । यसले नेपालको वैदेशिक मामिला भारत नियन्त्रित हुन्छ । यो प्रावधान राखेर अमेरिकाले भारतलाई रिझाउन खोजेको प्रस्ट हुन्छ ।

एमसीसीमार्फत नेपालमा प्रस्तावित रकमले उच्च क्षमताको ४०० केभी विद्युत् प्रसारण लाइन, ३ वटा सबस्टेशन, नेपाल भारत सीमापार प्रसारण लाइन र ९९ किलोमिटर सडक स्तरोन्नति गर्ने प्रस्ताव छ । काठमाडौं जिल्लाको उत्तरी भेग लप्सेफेदीबाट नुवाकोटको दक्षिण पश्चिम (गल्छी–देवीघाट सडक खण्डमा पर्ने रातमाटे) बाट दमौली (तनहुँ) हुँदै पश्चिम नवलपरासीको सुनवलसम्म ३३२ किमी प्रसारण लाइन निर्माण गर्ने प्रस्ताव छ । त्यहाँबाट भारतको गोरखपुरसम्म विस्तार गरिने भनिएको छ । सडकतर्फ चन्द्रौटा, भालुवाङ–लमही शिवखोला गरी ९९ किमी सडकको स्तरोन्नति गरिने भनिएको छ । सन् २००१ मा अमेरिकाको ट्विन टावरमा आक्रमण भएपछि भएका विभिन्न आर्थिक बहस र दाताहरूको सम्मेलनमा 'गरिबी र पछौटेपन नै आतंकवादको कारण' भन्ने निष्कर्षपछि एमसीसीको अवधारणा बनेको दाबी गरिन्छ ।

२०६८ माघ २५ गते डा.बाबुराम भट्टराई प्रधानमन्त्री र वर्षमान पुन अर्थमन्त्री रहेको सरकारले एमसीसी परियोजना स्वीकृत गरेको हो । पुष्पकमल दाहाल प्रचण्ड समेतको सहमतिमा एमसीसीलाई आमन्त्रण गरियो र प्राथमिकताका कार्यक्रमहरू छनोट गरियो । अमेरिकाले माओवादीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नगरेको र युद्ध अपराधमा अन्तर्राष्ट्रिय अदालत हेगमा उभिनुपर्ने डरले प्रचण्डले अमेरिकालाई रिझाउन एमसीसीलाई 'बार्गेनिङ चिप्स' बनाउने अवसरका रूपमा लिएको अनुमान गर्न सकिन्छ । त्यही रणनीतिअनुसार प्रचण्डले आफ्नो पार्टीको धारणा बदल्न अमेरिकालाई दबाब दिए पनि अमेरिकाले भने देउवा र ओलीमाथि नै बढी भरोसा राखेको देखिन्छ । आफैंले भित्र्याएको एमसीसीलाई माओवादी केन्द्र न गति दिन सक्छ न त अवरोध नै गर्न सक्छ । बरु यसलाई सभामुखमार्फत अडकाएर राख्ने अर्को रणनीतिमा ऊ देखिँदैछ । यही बेला चिनियाँहरूले आफ्ना सम्पर्क सूत्रमार्फत एमसीसी पारित नगर्न दबाब बढाएका छन् । केही साता पहिले चिनियाँ राजदूत होङ याङ्छीले एमाले अध्यक्ष केपी शर्मा ओलीलाई बालकोट निवासमै भेटेर एमसीसीबारे धारणा बुझ्न खोजेकी थिइन् । केही दिनअघि मात्र चिनियाँ कम्युनिस्ट पार्टीका विदेश विभाग प्रमुखले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग लामो भर्चुअल संवाद गरेका थिए । एमसीसी प्रकरणमा यो उच्च चिनियाँ चासो हो । चीनको वैदेशिक नीतिको खाका विदेश विभागले नै तय गर्छ । यतिबेला नेपालमा एमसीसीबारे चिनियाँ कूटनीतिक दबाब झेल्न गठबन्धनमा रहेका दलहरूलाई हम्मे परिरहेको बुझ्न सकिन्छ ।

२०७० मा सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा सरकार गठन भयो । सोही सरकारले २०७० पुस २१ गते परियोजनाअन्तर्गत कार्यक्रम छनौटका लागि विज्ञ समूह (कन्सल्ट्यान्ट) गठन गर्‍यो । त्यसबेला अर्थमन्त्री थिए साहित्यकार शंकरप्रसाद कोइराला । २०७१ माघमा एमसीसी परियोजनाले नेपालको आयोजना छनोटलाई स्वीकृत गर्‍यो । पछि प्रधानमन्त्री सुशील कोइराला र अर्थमन्त्री डा.रामशरण महतले परियोजनालाई तीव्रता दिए । २०७४ मा प्रधानमन्त्री प्रचण्ड र अर्थमन्त्री कृष्णबहादुर महरा भए । परियोजनासम्बन्धी अन्तिम निर्णय गर्ने भनी नेपाल सरकार र एमसीसीबीच द्विपक्षीय वार्ता टोली गठन भयो । त्यसमा ठोस सहमति नहुँदै साउनमा सरकार ढल्यो र शेरबहादुर देउवा प्रधानमन्त्री भए । देउवा सरकारले मन्त्रिपरिषद्द्वारा सो परियोजना २०७४ भदौ २९ मा स्वीकृत गर्‍यो । परराष्ट्रमन्त्री ज्ञानेन्द्रबहादुर कार्की मन्त्रिपरिषद्को निर्णयसहित वाशिङटन डिसीस्थित एमसीसीको कार्यालयमा पुगेर नेपाल सरकारका तर्फबाट हस्ताक्षर गरे । २०७६ असार ३० गते प्रधानमन्त्री ओलीले उक्त सम्झौता कार्यान्वयनको अन्तिम र महत्वपूर्ण प्रक्रियाअन्तर्गत संसद सचिवालयमा दर्ता गराए तर उनको पटक पटकको ताकेतापछि पनि सभामुख महराले निर्णयार्थ सदनमा प्रस्तुत गरेनन् । अहिलेका सभामुख अग्निप्रसाद सापकोटाले पनि एमसीसीलाई महराले जस्तै सदनमा टेबल गर्न मानिरहेका छैनन् ।

एमसीसी सम्झौता धारा ७ अनुसार पक्षहरूबीच सम्झौता हुनुपूर्व र सोही सम्झौताको धारा ७ (२) अनुसार संसदीय अनुमोदन भएपछि मात्र कार्यान्वयनको चरणमा जाने प्रावधान छ । तर सदनमा निर्णयार्थ प्रस्तुत नै नभएको स्थितिमा काठमाडौं दरबारमार्गमा केन्द्रीय कार्यालय, हेटौंडामा प्रदेश कार्यालय, नुवाकोट, विदुर र पाल्पामा फिल्ड अफिस खोलिएको छ भने विभिन्न स्थानमा जग्गा अधिग्रहण समेत गरिएको छ । विभिन्न सञ्चारमाध्यमहरूमा आयोजनाका पक्षमा जनमत तयार गर्न र सदन र दलहरूलाई दबाब दिनका लागि विज्ञापन प्रकाशन प्रसारण समेत गरिएको छ । त्यस क्रममा आ.व.२०७६।७७ मा २३ करोड १६ लाख खर्च गरिएको छ । जुन कार्य सार्वजनिक खरिद ऐन २९६३ को दफा २९ प्रतिकूल रहेको देखिन्छ । यतिमात्र होइन, परियोजनाका लागि भारत र पश्चिममा परामर्शदाता नियुक्ति गरिएको छ । ५० करोड डलरको यो परियोजनामा नेपालले १३ करोड डलर लगानी गर्नुपर्ने सर्त छ ।

एमसीसीलाई आर्थिक परियोजनाको आडमा नेपालमा अमेरिकी सैन्य उपस्थिति गराउने गुरुयोजना ठानिन्छ । यो इन्डोप्यासिफिक रणनीतिको एक पाटो भएको कुरा सार्वजनिक भइसकेको छ । चीनको चाइना एड, जापानको जाइका, जर्मनीको जेटिजेड अमेरिकाको युएसएआईडीका सहयोगलाई संसदीय अनुमोदन नचाहिने तर एमसीसी सहयोगलाई अनुमोदन गरिनुपर्ने सर्त नै संदेहास्पद छ । परियोजनाको सुरक्षार्थ अमेरिकी सैनिकहरू आउने, भूउपग्रहहरू जडान गर्ने चीन विरोधी गतिविधि बढ्ने र कालान्तरमा स्वचालित यन्त्र (रिमोटकन्ट्रोल) मार्फत तिब्बत टुक्र्याउन चीनमाथि हमला हुन सक्ने र नेपाल चीन र अमेरिकाको रणमैदान बन्ने खतरालाई नजरअन्दाज गर्न सकिन्न ।

नेपाली भूमि...

बताउँछन् । जसका कारण यहाँका ६० परिवारको खेत भारततिर परेको छ । पहिला नदी नै सिमाना भए पनि बहावले क्षेत्र परिवर्तन गरेपछि राखिएको सीमास्तम्भ ६० मिटरभन्दा बढी नेपालतर्फ च्यापिएको छ । लालपुर्जामा खेत नेपालीको भए पनि सिमानाले भारतीय भूमि बनाइएको छ, एक स्थानीयले भने । बीच खेतमै स्तम्भ राखिएपछि जोतभोग गर्न भारतीय प्रहरीले रोकेको छ । आफ्नै खेतको अनाज काट्दा भारतीय सुरक्षाकर्मीको धम्की र दुर्व्यवहार सहनु परेको छ– उनले भने ।

सिमानामा नयाँ स्तम्भ राख्दा पुस्तौंदेखि खेती गर्दै आएका मुखियापट्टी मुसहरनिया–२ का ६० परिवारको ५० बिघाभन्दा बढी खेत भारतमा परेको उनीहरूको भनाइ छ । पाँच पुस्तादेखि भोगचलन गर्दै आएका गाउँलेको खेत भारततर्फ गएपछि ६० मध्ये २६ परिवारले खेतीयोग्य जमिन पूर्णरुपले गुमाएका छन् । चोरापाखर फुलहर घाटमा शिलान्यास गरिएको झोलुंगे पुलको योजना

अलपत्र भएको छ । निर्माणमा भारतीय सशस्त्र सीमा बलका सुरक्षाकर्मीले अवरोध गरिरहेका छन् । जमुनी नदीमा पुल बनाउन गाउँपालिकाले ४९ लाख बजेट विनियोजन गरेको थियो । ३२ मिटर लम्बाइको झोलुंगे पुलको निर्माण गर्न एसएसबीले रोकेको स्थानीयले बताएका छन् । सीमा क्षेत्रबाट करिब ५० मिटरभित्र नदीको वारिपारि नेपाली भूमिमा पुल बनाउन निर्माण सामग्री खसालेपछि भारतीय सुरक्षाकर्मीले बनाउन नदिएर रोकोको बताइएको छ ।

जमुनी खोलाका कारण किसानलाई खेत आवतजावतमा समस्या परेपछि पुलको योजना बनाइएको बताइन्छ । धनुषाका सशस्त्र प्रहरी उपरीक्षक प्रकाशकुमार सुवेदीले यसबारे नेपाली सुरक्षा निकायमा जानकारी आएको बताए । उनका अनुसार उक्त पुल निर्माण हुने क्षेत्र भारतीय पक्षले आफ्नो भूमिमा परेको दाबी गरेका छन् । सहायक प्रमुख जिल्ला अधिकारी प्रदर्शनी कुमारले पुल निर्माणमा हस्तक्षेपबारे कुनै जानकारी नआएको बताइन् ।

रंगशाला...

खेलाडीहरूले 'खेलाडीलाई रोजगरीको व्यवस्था गर', 'अपुरो खेलकुद ऐन तुरुन्तै संशोधन गर', 'खेलकुदलाई अनिर्णयको बन्दी बनाउन पाइदैन' लगायतका नारा लगाएका थिए । दशरथ रंगशालाको प्रवेशद्वार अगाडि उनीहरूले धर्ना दिएका थिए ।

कोरोना संक्रमणका कारण २० जनाभन्दा बढी भेला हुन प्रशासनले रोक लगाएको बेला खेलकुद संघले भिडभाड गर्दै प्रदर्शन गरेको हो । खेलाडीको हकहितका लागि भन्दै गरिएको प्रदर्शनमा राष्ट्रिय खेलाडीभन्दा तेक्वान्डोका बालबालिकाको उपस्थिति धेरै थियो ।

सत्ता समीकरण फेरिएपछि आएका युवा तथा खेलकुद मन्त्री महेश्वर गहतराजले एमाले अध्यक्ष केपी शर्मा ओली निकट मानिने रमेश सिलवाल र बोर्ड सदस्यहरूलाई स्पस्टीकरण सोधेर हटाएपछि यो मामला अदालतसम्म पुगेको थियो । यता खेलकुद मन्त्रालयले टंकलाल घिसिङलाई सदस्यसचिव बनाएको अवस्थामा अदालतमा मुद्धा अघि बढेका कारण यो विषय टुंगोमा पुग्न सकेको छैन । जसकारण खेलकुद क्षेत्र ठप्प प्रायः छ । त्यसैले खेलकुदका कर्मचारी, खेलाडी, प्रशिक्षकको काम प्रभावित भएको साथै नवौं राष्ट्रिय खेलकुद अलमलमा परेकाले भन्दै विरोधमा उत्रनु परेको आयोजकले जनाएका छन् ।

मोदीमाथि...

तथा सामाजिक अभियन्ता रहेका र उनीहरूलाई जासुसीको सूचीमा राखिएको थियो । तर, भन्न केचाहीं सकिँदैन भने, ती व्यक्तिहरूमा जासुसी अहिलेसम्म भएको छ कि छैन ।

पेगासस इजरायलको साइबर सुरक्षा कम्पनीले एनएसओले निर्माण गरेको हो । बंगलादेशलगायत कतिपय देशले पेगासस स्पाईवेयर खरिद गरेका छन् । यसबारे पहिलादेखि नै विवाद हुँदै आएको छ । पेगासस एउटा यस्तो प्रोग्राम हो, जसलाई यदि कुनै स्मार्टफोनमा राखिदियो भने ह्याकरले उक्त स्मार्टफोनको माइक्रोफोन, क्यामरा, अडियो र टेक्स्ट म्यासेज, ईमेल र लोकेसनसमेतको जानकारी लिन सक्छ । पेगाससको प्रयोगबाट कुनै पनि व्यक्तिको गोप्य कुरा थाहा पाउन सकिने हुनाले नै भारतमा यसबारे विवाद चलिरहेको छ ।

इन्टरनेट फ्रिडम फाउन्डेसनले ट्विट गर्दै भनेको छ, 'न्युयोर्क टाइम्सको रिपोर्टमुताबिक भारत सरकारले २०१७ मा पेगासस खरिद गरेको छ, केन्द्र सरकारले सुप्रिम कोर्टमा सुनुवाइका क्रममा पेगासस खरिद गरेको हो या होइन भन्नेबारे स्पष्ट जवाफ दिन सकिरहेको छैन ।'

पत्रकार सीमा चिश्तीले ट्विट गर्दै भनेकी छन्, 'मोदी सरकार यसबारे स्पष्ट हुनुपर्छ, सुप्रिम कोर्टमा जवाफ दिन सक्नुपर्छ, पेगासस एक साइबर हतियार हो ।' रोहिणी सिंह, एम के वेणुलगायत भारतका कयौं पत्रकारले सरकारले पेगासस खरिद गरेर त्यसको दुरूपयोग गरिरहेको आरोप लगाएका छन् ।

पेगासस सम्बन्धमा सत्तापक्ष पनि चुप बसेको भने छैन । बीजेपीका राष्ट्रिय उपाध्यक्ष तथा सांसद दिलीप घोषले भनेका छन्, 'संसद् सत्र सुरु हुने समय आएपछि विपक्षी दल संसद् रोक्न कुनै न कुनै मुद्दा अघि सार्छन्, सदनमा विरोधी दल आफ्नो काम गर्छन् र सरकार आफ्नो काम गर्छ ।'

केन्द्रीय सडक परिवहन एवं राजमार्ग तथा नागर विमानन राज्यमन्त्री भीके सिंहले त न्युयोर्क टाइम्समाथि नै प्रश्न उठाएका छन् । उनले ट्विट गर्दै भनेका छन्, 'के तपाई एनवाईटीमाथि विश्वास गर्नु हुन्छ ? यो त सुपारी मिडिया हो ।'

भारतमा बेलाबखत पेगाससको चर्चा चल्दै आए पनि यसबारे आधिकारिक कुरा सार्वजनिक भएको छैन । निर्माता कम्पनी एनएसओले यसअघि नै भारतलाई पेगासस नबेचिएको बताएको थियो । कम्पनीले पेगाससको उद्देश्य आतंकवाद र अपराधविरुद्ध लड्नु रहेको दाबी गर्दै आएको छ ।

पेगासस खरिद गरेका देशहरूले पनि आतंकवाद र अपराधविरुद्ध यसको प्रयोग गरिने स्पष्टीकरण दिँदै आएका छन् । तर, वास्तविकता अर्कै रहेको र मन नपरेका वा विपक्षीविरुद्ध यसलाई विभिन्न देशले दुरूपयोग गर्दै आएको आरोप पनि उसैगरी लाग्दै आएको छ । भारतमा यो विषय सुप्रिम कोर्टमा पुगेको छ । यो विषयबारे जाँच समिति पनि बनेको छ, तर त्यसको रिपोर्ट भने आउन बाँकी छ ।

महाकालीमा...

नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्रा र नेपाल सरकारको तर्फबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रवीन्द्रनाथ श्रेष्ठले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् । सम्झौताको क्रममा नेपालको तर्फबाट भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु कुमारी यादवको समेत उपस्थिति थियो ।

उक्त 'मोटरेबल' पुलले नेपालको सुदूरपश्चिम प्रदेश र भारतको उत्तराखण्डबीच 'सीमापार कनेक्टिभिटी' सुदृढ बनाउनुका साथै दुवै तर्फको सीमाका समुदायको सम्पर्कलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ ।

उक्त सम्झौताबारे काठमाडौंस्थित भारतीय राजदूतावासले विज्ञप्ति जारी गर्दै जानकारी दिएको छ । दुवै देशका सरकारले वाणिज्य, सांस्कृतिक तथा जनता-जनताबीच सम्बन्ध सुव्यवस्थित बनाउनका लागि उक्त परियोजना अघि सारेको जारी विज्ञप्तिमा उल्लेख छ । यस्तै उक्त पुल छिट्टै निर्माण हुने योजना रहेको बताइएको छ ।

मौसम...

'यसपटकको मौसमी प्रणालीले देशभर नै असर गर्छ, काठमाडौंमा मध्याह्नपछि बदलीसँगै हल्का वर्षा पनि हुन सक्छ, बिहानैदेखि बदली रहने भएकाले चिसो बढी नै हुन्छ ।' महाशाखाका मौसमविद् सजिना शाक्यले भनिन्,

सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र गण्डकीका उच्च पहाडी तथा हिमाली भूभागका धेरै स्थानमा हिमपातको आकलन गरिएको छ । बागमती र प्रदेश १ का उच्च पहाडी तथा हिमाली भूभागका केही स्थानमा हल्का हिमपातको सम्भावना छ ।

मौसमविद्हरूका अनुसार शुक्रबार देशका धेरै स्थानमा मेघगर्जन चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । शुक्रबार केही स्थानमा असिनापानी पनि पर्न सक्ने आकलन गरिएको छ । उच्च पहाडी र हिमाली भेगका धेरै क्षेत्रमा हिमपात हुनेछ ।

शनिबार भने यो प्रणालीको असर केही घट्ने आकलन गरिएको छ । तर, आइतबार मात्र मौसममा सुधार आउने प्रक्षेपण गरिएको छ । मौसमविद् शाक्यका अनुसार जनवरी-फेब्रुअरीमा पश्चिमी न्यूनचापीय प्रणालीको असर बढी रहन्छ । 'गत वर्ष असर कम हुँदा चाँडै गर्मी सुरु भएको थियो, तर यो वर्ष हिउँदमा मात्र आठवटा शक्तिशाली प्रणाली आएका छन्,' उनले भनिन्, 'त्यसैले जाडो पनि लम्बिएको भान हुन सक्छ ।'

भारतले...

विदेशीलाई दिइने अनुदान रकम ८ सय ५६ करोड भारुले घटाइएको छ । हुन त चालु आवको परिमार्जित बजेट २ सय करोड हाराहारीले घटाइएको थियो । गत वर्षको बजेटमा बाह्य मुलुकलाई दिइने अनुदान घोषणा गरिएको घटाएर ५ हजार ६ सय ९८ करोडमा झारिएको थियो । त्यसको तुलनामा यस वर्ष गरिएको बजेट भाषणमा सहयोग राशि बढेको देखिए पनि घोषणा गर्दाका बेलाको तुलनामा भने घटाइएको छ ।

नेपालले प्राप्त गर्ने सम्भावित सहयोग रकम पनि घटाइएको छ । नेपालका लागि आगामी आवमा ७ सय ५० करोड भारतीय रूपैयाँ अनुमानित बजेट छुट्याइएको छ । गत वर्षको बजेट भाषणमा नेपालका लागि ९ सय ९२ करोड भारु छुट्याइएको थियो । गत वर्षको तुलनामा नेपाललाई दिन सकिने विकास सहायता २ सय ४२ करोडले घटाइएको छ । चालु आव २०२१/२२ को बजेटमा रिभाइस गरिएर नेपाललाई दिइने सहायता राशि ६ सय ५० करोड बनाइएको थियो । दुई वर्ष अगाडि आर्थिक वर्ष २०२०/२१ मा नेपालका लागि ८ सय ७९ करोड छुट्याइएको थियो ।

भारतले भुटान, अफगानिस्तान, बंगलादेश, नेपाल, श्रीलंका, माल्दिभ्स, म्यान्मार, मंगोलिया, मोरिसस, स्याचेल्स, युरोसियन, लेटिन अमेरिकन र अन्य विकासशील मुलुकका लागि विकास सहायता बजेट छुट्याएको छ । त्यसबाहेक प्राकृतिक विपद्, अन्तर्राष्ट्रियस्तरको तालिम, सेमिनार, संस्कृति र सम्पदा संरक्षणका लागि पनि सहयोग राशि छुट्याएको छ । भारतबाट सबैभन्दा बढी सहायता पाउनेमा भुटान छ । भुटानका लागि आगामी वर्षको बजेटमा २ हजार २ सय ६६ करोड रूपैयाँ छुट्याइएको छ । जुन नेपाललाई तोकिएको राशिको तुलनामा तीन गुनाले बढी छ । भुटानलाई दिइने सहयोग पनि गत वर्षको तुलनामा घटाइएको छ । गत वर्षको बजेटमा भुटानका लागि ३ हजार करोड छुट्याइएको थियो ।

भुटानपछि मोरिससका लागि ९ सय करोड छुट्याइएको छ । भारतबाट सहयोग पाउने सूचीमा नेपाल तेस्रो स्थानमा देखिन्छ । नेपालका लागि ७ सय ५० करोड छुट्याइएको छ । बंगलादेशका लागि ३ सय, अफगानिस्तान र श्रीलंकाका लागि २/२ सय करोड रकम विनियोजन गरिएको छ । म्यानमारका लागि ६ सय, माल्दिभ्सका लागि ३ सय ६० करोड छुट्याइएको देखिन्छ ।

पूर्वगोर्खा...

परोपकारी कार्यमा विशिष्ट योगदान गरेबापत दिइने एमबीई पदक थोरै नेपालीले मात्र पाएका छन् । नेपाल र बेलायतका लागि अतुलनीय र उदाहरणीय सामाजिक योगदान गरेबापत पदक पाएपछि आफूलाई परोपकारी कार्यमा लाग्न अझ प्रेरण मिलेको गुरुङले बताए । ब्रिटिस सेनामा दुई दशक बिताएका गुरुङले १६ वर्षदेखि बेलायतको ब्ल्याकपुलमा 'द गोर्खा' नामक होटल, रेस्टुरेन्ट तथा पब सञ्चालन गर्दै आएका छन् । उनले बेलायत तथा नेपालमा कैयौं उदाहरणीय परोपकारी कार्य गरेका छन् । २६ रोपनी जग्गा किनेर सन् २०१३ मा पोखरामा सहारा एकेडेमी निर्माण गर्दा उनी आर्थिक संयोजक थिए ।

एकेडेमीमा अहिले २४ जना विपन्न बालबालिकालाई गाँस, बास, स्वास्थ्य, खेलजस्ता सुविधा प्रदान भइरहेको छ । महाभूकम्पका बेला सिन्धुपाल्चोकको हाइबुङ मावि र गोरखाको गणेश प्राविमा करिब ६० लाख रूपैयाँ खर्च गरी पुनर्निर्माण गर्न पनि उनको प्रमुख भूमिका थियो । गुरुङको संयोजकत्वमा स्याङ्जाको ओरस्टेस्थित मड्किनामा करिब १२ रोपनी जग्गामा ५ करोडको लगानीमा स्वास्थ्य केन्द्र निर्माण भइरहेको छ । उनले ओरस्टेस्थित आफ्नो घरमा सांस्कृतिक संग्रहालय बनाएका छन् । संग्रहालयमा विद्यार्थीलाई निःशुल्क प्रवेश छ ।

जेठ ४...

'प्रधानमन्त्री शेरबहादुर देउवाज्यूले सरकारबाट आयोगको परामर्शअनुसार प्रस्तावित मितिमा एकै चरणमा निर्वाचन गर्न आवश्यक प्रक्रिया पूरा गरी मिति तोक्ने जानकारी गराउनुभयो,' आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

प्रधानमन्त्री देउवाले स्थानीय चुनाव स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा गराउनका लागि तयारीका काम गर्न आग्रह गरेको पनि आयोगले जनाएको छ । उनले गृह मन्त्रालयलाई सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिएको पनि आयोगले विज्ञप्तिमा उल्लेख गरेको छ । आयोगले यसअघि एकै चरणमा गर्ने भए वैशाख १४ र दुई चरणमा भए वैशाख १४ र २२ मा चुनाव गर्न प्रस्ताव गरेको थियो ।

संविधानको धारा २१५ (६) र धारा २१६ (६) ले स्थानीय तहका जनप्रतिनिधिको कार्यकाल ५ वर्ष तोकेकाले पदावधि सकिनुअगावै चुनाव गराउनुपर्ने बाध्यता छ । स्थानीय निर्वाचन ऐनअनुसार २०७४ मा निर्वाचित जनप्रतिनिधिको कार्यकाल आगामी जेठ ५ मा सकिन्छ । स्थानीय तहको चुनाव एक वा त्यसभन्दा बढी चरणमा गर्न सकिने कानुनी व्यवस्था रहे पनि खर्च, सुरक्षा व्यवस्थापन, निर्वाचन व्यवस्थापन, मतदाता शिक्षाका दृष्टिले एकै चरणमा उपयुक्त हुने परामर्श आफूहरूले सरकारलाई दिएको प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले बताए ।

स्थानीय चुनाव व्यवस्थापनका लागि कानुनबमोजिम आयोगलाई सामान्यतः १ सय २० दिन आवश्यक पर्ने भए पनि केही तयारी भइसकेकाले अबको १ सय ६ दिनले पुग्ने आयोगले जनाएको छ । आगामी स्थानीय चुनावलाई लक्ष्य गरी आयोगले मतदाता नामावली संकलन, मतदानस्थलको पुनरावलोकन र निर्धारण तथा तयारीका अन्य कार्य निरन्तर भइरहेकाले प्रस्तावित मितिका लागि तयारी अवस्थामा रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जनाएका छन् ।

निर्वाचन आयोगले स्थानीय चुनावका लागि १२ अर्ब रूपैयाँ खर्च हुने अनुमान गरेको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा मंगलबार भएको छलफलमा आयोगका पदाधिकारीले सरकारलाई स्थानीय निर्वाचन एकै चरणमा गर्दा जनशक्तिको तलब भत्ता, भ्रमण खर्च तथा अन्य सुविधामा धेरै खर्च हुने जानकारी दिएका छन् । आयोगका अनुसार ०७४ सालमा तीन चरणमा चुनाव गर्दा ८ अर्ब रूपैयाँभन्दा बढी खर्च भएको थियो । '२०७४ को निर्वाचनपछि करिब २० लाख मतदाता थपिएका छन् । त्यही अनुपातमा मतदान स्थल तथा मतदान केन्द्र, मतपत्र, मतदान सामग्री आदिमा बजेट वृद्धि हुनेछ,' आयोगले भनेको छ ।

उपभोक्ता...

दूधको मूल्यवृद्धि हो,' अध्यक्ष महर्जन भने, 'सरकारले दूधको मूल्य ५६ रूपैयाँ ४ पैसा पुर्‍याए पनि गाईको गोठमा गोबर सोहोर्ने किसानले पाउने मूल्य भनेको ४० देखि ४५ रूपैयाँ मात्र हो ।' उपभोक्ता अधिकार मञ्चका अध्यक्ष माधव तिमल्सिना सरकारले कुनै अध्ययन अनुसन्धान नगरी हचुवाको भरमा दूधको मूल्य बढाएको बताउँछन् । किसानका नाममा सीमित व्यापारीलाई पोस्न सरकारले दूधको मूल्यवृद्धि गरेको अध्यक्ष तिमल्सिनाको भनाइ छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले दूधको समर्थन मूल्य प्रतिलिटर ६ रूपैयाँ ५२ पैसाले वृद्धि गरेर ५६.०४ रूपैयाँ कायम गर्ने निर्णय गरेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । प्रशोधन नगरिएको दूधको यस्तो मूल्य किसान र दूध खरिदकर्ताका लागि मात्रै लागू हुने मन्त्रालयको भनाइ छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार सन्जेलले सरकारले बढाएको मूल्य व्यापारीका लागि नभएर किसानले पाउने बताए । प्रवक्ता सन्जेलले उपभोक्ताले पाउने मूल्य अहिले नबढेको जानकारी दिए । राष्ट्रिय दुग्ध विकास बोर्डका कार्याकारी निर्देशक राजेन्द्र यादवले उपभोक्ता र उद्योगीका लागि दूधको मूल्य निर्धारण हुन केही समय लाग्ने जानकारी दिए । उनले सरकारले पहिलोपटक किसानको न्यूनमत मूल्य निर्धारण गरेको हुँदा केही अध्ययन गरेर मूल्य निर्धारण गर्नुपर्ने भएकाले केही समय लाग्ने बताए । बोर्डका कार्यकारी निर्देशक यादवले उद्योगी र उपभोक्तालाई असर नपर्ने गरी राम्रो अध्ययन गरी मूल्य निर्धारण हुने जानकारी दिए ।

सरकारले दूधको मूल्यवृद्धि गर्दा किसान खुसी भएका छन् । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले कच्चा दूधको न्यूनतम मूल्य प्रतिलिटर ५६ रूपैयाँ ४ पैसा पुर्‍याएपछि किसान खुसी भएका हुन् । पछिल्लो समय पशुलाई खुवाउने दाना, चोक्कर, पराल र औषधिको समेतको मूल्य अत्यधिक बढेकाले उत्पादन लागत खर्च पनि उठाउन सक्दा किसान आफ्नो पेसाप्रति चिन्तित थिए । यसअघिको दूधको मूल्यभन्दा ६ रूपैयाँ ५२ पैसा प्रतिलिटर सरकारले बढाइदिएपछि किसान हर्षित भएका हुन् । यसअघि किसानले प्रतिलिटर न्यूनतम दूधको मूल्य ४९ रूपैयाँ ५२ पैसा पाउने गरेका थिए ।

आईपीएल...

सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले नाम दर्ता गराएका थिए । २०२० को अक्सनमा दीपेन्द्रसिंह ऐरी, विकेटकिपर विनोद भण्डारी, अलराउन्डर करण केसी, सोमपाल कामी, स्पिनर सन्दीप लामिछाने, कुशल मल्ल, ब्याट्सम्यान शरद भेषावकर र अभिनास बोहराले नाम दर्ता गराएपनि अक्सनमा गएका थिएनन् । अक्सनमा नाम दर्ता सम्बन्धित क्रिकेट बोर्डमार्फत हुने गर्दछ । तर सर्ट लिष्टमा परेमात्र अक्सनमा जाने गर्दछन् ।

सन्दीपले आफ्नो न्यूनतम मूल्य ४० लाख भारु (६४ लाख नेपाली रूपैयाँ) तोकेका छन् । सन्दीपलाई अक्सनमा कुनै टोलीले मूल्य लगाएको खण्डमा कम्तीमा ४० लाख भारु पाउने निश्चित हुनेछ । २०२१ मा सन्दीपले ४० लाख भारुनै अक्सनमा राखेपनि बिक्न सकेका थिएनन् । सन्दीपलाई २०१८ मा तत्कालिन दिल्ली डेयर डेभिल्स (दिल्ली क्यापिटल्स) न्यूनतम मूल्य २० लाख भारुमा अनुबन्ध गरेको थियो । त्यससिजनमा दिल्ली लिगबाट बाहिरिएपछि अन्तिम तीन खेल खेल्दै ५ विकेट लिएका थिए । २०१९ मा दिल्लीले ६ खेलमा मौका दिँदा सन्दीपले ८ विकेट लिएका थिए । २०२० मा भने सन्दीपले मौका पाएनन् । २०२१ मा बिक्न सकेनन् । मेगा अक्सनमा कुल १ हजार २ सय १४ खेलाडीले नाम दर्ता गराएपनि सर्ट लिष्टमा ५ सय ९० खेलाडी मात्र परेका छन् । ३ सय ५५ अन क्याप्ड छन् । ३ सय ७० भारतीय र २ सय २० विदेशी खेलाडी छन् ।